माछापुच्छ्रे गाउँपालिका

राजस्व सुधार कार्ययोजना

Revenue Improvement ActionPlan

२०७९/८० - २०८१/८२

गाउँकार्यपालिकाको कार्यालय

लाहाचोक, कास्की

गण्डकी प्रदेश नेपाल

दस्तावेज/प्रतिवेदन	**राजस्व सुधार कार्ययोजना तर्जुमा**
प्रकाशक	**माछापुच्छ्रे गाउँपालिका** गाउँ कार्यपालिकाको कार्यालय सम्पर्क नम्वर : ९८५६०१७३१० इमेल mpgaupalika@gmail.com
सहयोगी संस्था	गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखरा
मिति	

विषय सूची

क्रसं.	शिर्षक	पेज नम्वर
१.	**परिच्छेद - एक : परिचय**	**५**
१.१.	पृष्ठभूमि	५
१.२.	राजस्व सुधार योजनाको औचित्य/आवश्यकता	५
१.३.	उद्देश्य	७
१.४.	विधि तथा प्रक्रिया	७
१.५.	सीमा	१०
२.	**परिच्छेद - दुई : गाउँपालिकाको वस्तुस्थिति**	**११**
२.१.	भौगोलिक अवस्थिति	११
२.२.	राजनीतिक र प्रशासनिक विभाजन	११
२.३.	जनसांख्यिक विवरण	११
२.४.	आर्थिक तथा सामाजिक अवस्था	१२
२.५.	भौतिक पुर्वाधारमा पहुँच	१३
२.६.	मानव संसाधनको अवस्था	१३
२.७.	गाउँपालिकाको भौतिक सम्पत्तिको विवरण	१५
२.७.१	गाउँपालिकामा रहेका सवारी साधनहरुको विवरण	१५
३.	**परिच्छेद - तीन : राजस्व अधिकार तथा आय सम्भाव्यता**	**१६**
३.१.	राजस्व अधिकार	१६
३.२.	आन्तरिक आय परिचालनको वर्तमान अवस्था	१६
३.२.१	कर राजस्व परिचालनको अवस्था	१९
३.२.२	गैरकर राजस्व परिचालनको अवस्था	१९
३.२.३	सम्भावना तथा चुनौतीहरु	२१
३.३.	राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण	२१
३.३.१	कर राजस्व	२१
३.३.२	गैरकर राजस्व	२४
४.	**परिच्छेद - चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था**	**२६**
४.१.	राजस्व परिचालन सम्वन्धी नीति	२६
४.२.	आय संकलनको संस्थागत क्षमता	२६
४.३.	गाउँपालिकाको आन्तरिक आय परिचालन	२६
४.४.	राजस्व परिचालनमा रहेका सवालहरु	२७
५.	**परिच्छेद - पाँच : राजस्व सुधार कार्ययोजना तर्जुमा**	**२८**
५.१.	कर राजस्व सुधार योजना तर्जुमा	२८
५.२.	गैरकर राजस्व सुधार योजना तर्जुमा	३१
५.३.	राजस्व प्रशासन सुधार योजना तर्जुमा	३४
६.	**परिच्छेद - छ : त्रिवर्षीय राजस्व प्रक्षेपण**	**३७**

६.१.	त्रिवर्षीय राजस्व प्रक्षेपण	३७
७	**राजस्व सुधार कार्ययोजना तर्जुमाका अपेक्षित नतिजाहरु**	**३९**
८	**कार्यान्वयन तथा अनुगमन र मुल्यांकन**	**४०**
८.१	कार्ययोजना कार्यान्वयन	४०
८.२	कार्ययोजनाको अनुगमन तथा मूल्यांकन	४०
अनुसुचीहरु		४२
अनुसुची १ सुचना संकलन फाराम		४३
अनुसुची २ कार्यशाला गोष्ठिको माइन्युट		५२
अनुसुची ३ कार्यशाला गोष्ठिको तस्बिरहरु		५३

तालिका

सि.नं.	शिर्षक	पेज नम्वर
१	गाउँपालिकाको जनसाख्यिक विवरण	११
२	गाउँपालिकामा रहेका सवारी साधनहरुको विवरण	१५
३	स्थानीय तहको संवैधानिक अधिकार क्षेत्र	१६
४	वित्तिय अधिकार क्षेत्र	१७
५	कर राजश्वको परिचालनको अवस्था	१९
६	गैरकर राजश्वको परिचालनको अवस्था	१९
७	गाउँपालिकाको वस्तुस्थिति विवरण	२१
८	सम्पत्ति कर प्राप्त हुनसक्ने अनुमान	२२
९	घरबहाल कर	२३
१०	आन्तरिक आयको विवरण	२६
११	कर राजश्व सुधार कार्ययोजना	३०
१२	गैरकर राजश्व सुधार कार्ययोजना	३३
१३	राजश्व प्रशासन सुधार कार्ययोजना	३५
१४	त्रिवर्षीय राजश्व प्रक्षेपण (आन्तरिक श्रोत)	३७
१५	त्रिवर्षीय राजश्व प्रक्षेपण (बाह्य श्रोत)	३८
१६	त्रिवर्षीय राजश्व प्रक्षेपण (आन्तरिक र बाह्य श्रोत)	३८

परिच्छेद - एक :
परिचय

१.१ पृष्ठभूमि

माछापुच्छ्रे गाउँपालिकाको राजस्व सुधार कार्ययोजना आगामी आर्थिक वर्ष २०७९/८० देखि २०८१/८२ का लागि तर्जुमा भएको छ । आन्तरिक राजस्व अभिवृद्धिका लागि तयार पारिएको यो कार्ययोजना राजस्व सुधार कार्ययोजना दिग्दर्शन २०७६ ले निर्धारण गरेको ढाँचा, विधि, प्रक्रियालाई पालना गरिएको छ । मुलत नेपाल संविधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले स्थानीय तहका लागि व्यवस्था गरे वित्तीय अधिकार क्षेत्रका आधारमा त्रिवर्षीय कार्ययोजना तयार पारिएको छ । कार्ययोजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको वित्तीय नीति कार्यक्रम, लक्ष्य एवं उद्देश्यलाई मनन गरिएको छ र गाउँपालिकाको आफ्नै आर्थिक ऐन र वित्तीय नीति कार्यक्रमलाई आधार मानिएको छ । राजस्व सुधार कार्ययोजना तर्जुमा गर्दा संघीय अवधारणा, वित्तीय विकेन्द्रीकरण, वित्तीय सुशासन, प्रगतिशील कर प्रणाली जस्ता पक्षहरुलाई आत्मसाथ गरिएको छ र राजस्वका क्षेत्र तथा दायराहरुलाई फराकिलो पार्दै न्यून कर दररेटमा जोड दिइएको छ । राजस्व प्रशासनलाई प्रभावकारी पार्दै छिटो प्रतिफल अर्थात पूँजी अभिवृद्धि हुने क्षेत्रहरुमा राजस्व परिचालन गर्ने नीति समेत पालिकाले अङ्गिकार गरेको छ ।

समग्र वित्तीय तथा राजस्व अवस्था सम्बन्धमा प्राप्त सूचना तथा तथ्यांकहरुको वस्तुनिष्ट अध्ययन, विश्लेषणको आधारमा पालिकाको राजस्व क्षेत्रका लागि लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम सहित तयार गरिएको त्रिवर्षीय राजस्व सुधार कार्ययोजना (२०७९/८०-२०८१/८२) पालिकाको आन्तरिक राजस्व अभिबृद्धिका लागि एक महत्वपूर्ण र मार्गदर्शक दस्तावेज हुने बिश्वास गरिएको छ । माछापुच्छ्रे गाउँपालिकाले यसलाई क्रमशः कार्यान्वयनमा ल्याउने प्रतिवद्धता समेत जाहेर भएको छ ।

१.२ राजस्व सुधार योजनाको औचित्य/आवश्यकता

क) वढ्दो जनआकांक्षालाई सम्वोधन र परिपूर्ति गर्ने :

स्थानीय तहका सरकार तथा जनप्रतिनिधिहरुलाई एकातिर चुनावमा गरिएका प्रतिवद्धताहरु पूरा गर्नुपर्ने छ भने अर्कोतर्फ नागरिकमा वढ्दो आवश्यकता, इच्छा र आकांक्षाहरुलाई सम्वोधन गर्नुपर्ने वाध्यता छ । न्यूनतम भौतिक एवं सामाजिक पूर्वाधारहरुको उपलव्धताका कारण जनजीवन असहज एवं कष्टपूर्ण रहेको सन्दर्भमा जनचाहना अभिवृद्धि हुनु स्वभाविकै मान्न पनि सकिन्छ । साथै आर्थिक सामाजिक समृद्धि, गरिवी न्यूनीकरण, पछ्यौटेपन एवं स्थानीय साधन श्रोतहरुको व्यवसायीकरणका लागि पनि जनप्रतिनिधिहरुमा ठूलो दवाव सिर्जना भएको छ । जनताको सवैभन्दा नजिकको सरकार स्थानीय तह भएकाले पनि जनताको विश्वास, भरोसा यसप्रति अधिक छ । तापनि विद्यमान अवस्थामा सीमित श्रोत साधनवाट उपरोक्त जनचाहनाहरु सहजै पूरा गर्न सक्ने सामर्थता स्थानीय तहसंग सीमित छ र जनताका अधिक अपेक्षाहरु पूरा गर्न दिगो र भरपर्दो राजस्व श्रोतको अपरिहार्य छ ।

ख) संवैधानिक एवं कानूनी अधिकारको उपयोग गर्ने :

नेपालको राज्य संरचना मुलत तीन तहको हुने व्यवस्था गरिएको छ र सोही अनुसार राज्यशक्तिको पनि वाँडफाँड गरिएको छ । राज्यशक्ति उपयोगका लागि तीनै तहका सरकारहरु आफैमा आर्थिक प्राविधिक सवै पक्षहरुमा मजवुत, सक्षम र सवल हुनुपर्ने व्यवस्था नेपालको संविधान २०७२ ले गरेको छ । परम्परागत ढंगवाट परिचालित हुँदै आएका स्थानीय तहमा व्यापक परिवर्तनको खाँचो छ र क्रमिक रुपमा चुस्त प्रभावकारी र सवल स्थानीय सरकारको रुपमा विकास हुनुपर्ने भएको छ । संघ र प्रदेशवाट निकासा हुने अनुदानको आधारमा वार्षिक वजेट तर्जुमा र नीति कार्यक्रम सञ्चालन हुँदै आएका स्थानीय तहहरुले अवउप्रान्त सोको विपरित खर्चमा आधारित वजेट, श्रोतहरुको पहिचान र परिचालन गर्नुपर्ने भएको छ । यसै सिलसिलामा नेपालको संविधान २०७२, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत वित्त आयोग ऐन २०७४ वाट स्थानीय तहको वित्तीय अधिकार क्षेत्रहरु निर्धारण र त्यसको उपयोगको व्यवस्था गरिएको छ । सोहीमा आधारित भई स्थानीय तहले राजस्व परिचालन गर्नुपर्ने हुन्छ ।

ग) स्थानीय साधन श्रोतवाट राजस्व अभिवृद्धि गर्ने :

विकास निर्माणमा तिव्रता र स्थानीय सरकारको प्रभावकारीताका लागि राजस्व अभिवृद्धि गर्नुपर्ने अपरिहार्य छ । यससंग जनआकांक्षा र विकास निर्माण समेत जोडिएकोले राजस्व अभिवृद्धि एक अनिवार्य शर्त जस्तै छ । स्थानीय तह आफै सरकार भएकाले सरकार परिचालनका लागि पनि राजस्व अभिवृद्धि गर्नुपर्ने आवश्यकता अरु जरुरी छ । नेपालको संविधान र कानूनहरुले स्थानीय तहको वित्तीय अधिकार क्षेत्र निर्दिष्ट गरिदिएकाले सोही परिधिभित्र रही दिगो रुपमा राजस्व संकलन र परिचालनका क्षेत्रहरु पहिचान गर्नुपर्ने अभिभारा पनि स्थानीय तहकै छ । यस सन्दर्भमा राजस्व संकलनका लागि व्यवसाय कर, सेवा शुल्क, पर्यटन शुल्क, दण्ड जरिवना आदिको व्यवस्था कानूनमा छ । यसका अलवा राजस्व अभिवृद्धि तथा पूँजी निर्माण हुन सक्ने क्षेत्रहरु पहिचान गर्दै लगानी गरी श्रोतहरुको सदुपयोग गरी राजस्व अभिवृद्धि गर्नुपर्ने हुन्छ ।

घ) राजस्व अभिवृद्धिका रणनीतिक कार्यक्रम तर्जुमा तथा आय प्रक्षेपण हुने :

स्थानीय तहको राजस्व संकलन, प्रशासनिक संयन्त्र, राजस्वका श्रोतहरुको विद्यमान अवस्था विश्लेषण गरी राजस्व अभिवृद्धिका लागि मध्यकालीन रणनीति, वार्षिक कार्यक्रम एवं सोका आधारमा आगामी वर्षहरुमा हुने आयको प्रक्षेपण समेत गरिने भएकाले एक निश्चित अवधि भित्र आर्जन हुन सक्ने राजस्वको विस्तृत खाका तयार हुनेछ । यसका लागि स्थानीय तहका जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधि, पालिकाका पदाधिकारीहरु एवं सरोकारवालाहरुको प्रत्यक्ष र सक्रिय सहभागितामा तयार हुने भएकोले स्थानीयहरुकै आफ्नै अपनत्व सिर्जना गरी गाउँपालिकाको नेतृत्वमा तयारी कार्ययोजनालाई कार्यान्वयन ल्याउनेछ ।

१.३ उद्देश्य

माछापुच्छ्रे गाउँपालिकाको विद्यमान आन्तरिक आयको समीक्षा गर्दै राजस्व अभिवृद्धिका लागि दिगो र भरपर्दो स्रोतहरु पहिचान, विश्लेषण र राजस्व प्रशासनलाई प्रभावकारी वनाउन वित्तीय नीति तथा कार्यक्रम तर्जुमा गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यसका साथै राजस्व सुधार कार्ययोजना तर्जुमाका अन्य सहायक उद्देश्यहरु निम्न अनुसार छ ।

क) राजस्व सुधारका सम्वन्धमा नेपाल संविधान एवं विभिन्न ऐन, नियमहरुमा व्यवस्था गरिएका वित्तीय अधिकार, कार्यक्षेत्र एवं राजस्व सुधारको आवश्यकता र महत्वका वारेमा पालिकाका पदाधिकारी, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने ।

ख) गाउँपालिकाको विद्यमान राजस्व नीति, कार्यक्रम, आर्थिक ऐन, करको दररेट, राजस्व सङ्कलन, संगठनात्मक संरचना, आय श्रोतहरुको सम्भावना र यथार्थ सङ्कलनको फरक पहिचान, समीक्षा, विश्लेषण गर्ने ।

ग) आन्तरिक श्रोतहरुको अवस्था विश्लेषण गरी राजस्व सुधार कार्ययोजना सहित आगामी तीन वर्षका लागि आय प्रक्षेपण गर्ने ।

घ) आन्तरिक श्रोत अभिवृद्धिका लागि गाउँपालिकाको वित्तीय रणनीति एवं कार्यक्रमहरु तर्जुमा गर्ने ।

१.४ विधि तथा प्रक्रिया

राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि निम्नानुसारका विधि र प्रक्रियाहरु अवलम्वन गरिएको थियो ।

क) पहिलो चरण : सन्दर्भ सामग्रीहरुको अध्ययन

अध्ययन कार्यको पहिलो चरणमा स्थानीय तहको वित्तीय क्षेत्रसंग सम्वन्धित सन्दर्भ सामाग्रीहरुको संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा संकलित एवं अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सामग्रीहरुमा नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४, पालिकाको वस्तुगत विवरण (पार्श्वचित्र), पालिकाको नीति कार्यक्रम तथा बजेट, पालिकाको आर्थिक ऐन, परिवर्तित संरचना अनुसार विभिन्न मन्त्रालयहरुले निष्कासन गरेको कार्यविधि, दिग्दर्शन, एवं नमूना ऐन कानुनहरु, प्रदेश वित्त व्यवस्थापन ऐन २०७४, प्रदेशको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन २०७४, प्रदेशको ढुङ्गा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थ सङ्कलन उत्खनन कार्यविधि २०७५ रहेका थिए ।

ख) दोश्रो चरण : प्रश्नावली तथा फारम विकास

राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि प्रारम्भिक एवं दोश्रो तहवाट सूचना तथा तथ्याङ्क संकलनका लागि फारम तथा प्रश्नावलीहरु विकास गरिएको थियो । फारममा करदाता, सरोकारवाला एवं गाउँपालिकाको राजस्वसंग सम्वन्धित विविध पक्षहरु समेटिएको छ । यसरी तयार पारिएको फारमको नमूना यसै प्रतिवेदनको अनुसूचीमा उल्लेख गरिएको छ ।

ग) तेश्रो चरण : अभिमुखीकरण तथा राजस्व सुधार योजना तर्जुमा कार्यशाला

राजस्व सुधार कार्ययोजना तर्जुमाको सिलसिलामा गाउँपालिकामा एक दिने अभिमुखीकरण तथा कार्यशाला कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, पालिकाका पदाधिकारी एवं सदस्यहरु, राजस्व परामर्श समितिका सदस्य लगायत शाखा प्रमुखहरु एवं अन्य कर्मचारीहरुको सहभागितामा रहेको थियो । कार्यक्रममा राजस्व सुधार कार्ययोजना तर्जुमा सम्वन्धी विधि, प्रक्रिया, गाउँपालिकाको राजस्वको दररेट, शुल्क, दस्तुरका वारेमा प्रस्तुति भएको थियो भने स्थानीय तहको वित्तीय अधिकार क्षेत्रहरु, पालिकाले अभ्यासमा ल्याएका राजस्वहरु एवं राजस्व प्रशासन सम्वन्धी विषयमा पनि प्रस्तुतीकरण भई व्यापक छलफल भएको थियो । यसरी आयोजित कार्यशाला गोष्ठी विशेष गरी निम्न चार क्षेत्रमा केन्द्रीत रहेको थियो ।

- शिर्षकगत राजस्वका दररेट, दायर तथा प्रक्षेपण
- कर राजस्व सुधार योजना
- गैरकर राजस्व सुधार योजना
- राजस्व प्रशासन विशेषगरी अभिलेखीकरण, संकलन, संगठनात्मक संरचना र समन्वय

घ) चौथौ चरण : सूचना संकलन तथा विश्लेषण

अध्ययनका लागि गाउँपालिकाका शाखाहरु, सरोकारवाला पक्षहरुसँग समन्वय गरी राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि आवश्यक सूचनाहरु संकलन गरिएको थियो । यसका साथसाथै गाउँपालिकाका प्रकाशनहरु वार्षिक वजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐन, राजस्व सम्वन्धी कानूनहरु, प्रगति विवरण लगायतका अध्ययन प्रतिवेदनहरुवाट तथ्यांक संकलन भएको थियो । तथ्यांकहरु मूलत निम्न क्षेत्रमा केन्द्रीत भई संकलन भएको थियो ।

- राजस्व प्रशासनको वर्तमान अवस्था
- राजस्व परिचालनका लागि अवलम्वन गरिएका नीतिगत व्यवस्थाहरु
- विगत वर्षहरुमा संकलन भएको राजस्व सम्वन्धी यथार्थ विवरणहरु
- राजस्व संकलन हुनसक्ने सम्भावित नयाँ क्षेत्रहरु

ङ) पाँचौ चरण : राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण

कार्ययोजना तर्जुमा कार्यशालावाट प्राप्त मस्यौदालाई थप छलफल, सुझावका आधारमा परिष्कृत गदै आवश्यक परिमार्जन गरिएको थियो । त्यसैगरी विगत वर्षहरुको यथार्थ आय विवरणका आधारमा आगामी ३ वर्षका लागि वजेट प्रक्षेपण गरिएको थियो । प्रक्षेपणको क्रममा राजस्व सम्भाव्यताका आधारमा नयाँ क्षेत्रहरुको समेत राजस्व प्रक्षेपण भएको थियो । प्रक्षेपण गर्दा मुलत विद्यमान अवस्थामा प्राप्त भएको राजस्व, दायरा विस्तारको अवस्था, विगतको भएको राजस्व वृद्धिदर, अनुमान एवं विभिन्न पक्षहरुसंग भएको संझौतालाई आधार मानिएको थियो ।

च) छैटौ चरण : मस्यौदा प्रतिवेदन तयारी

राजस्वको विद्यमान अवस्था, सम्भावनाहरुको विश्लेषण, राजस्व सुधारका क्षेत्रहरुको पहिचान गर्दै राजस्व अभिवृद्धिका क्रियाकलापहरु सहित कार्यान्वयनका लागि कार्ययोजना सहितको मस्यौदा प्रतिवेदन लेखन कार्य भएको थियो । मस्यौदा प्रतिवेदनमा प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई तथ्याङ्कीय औजारहरु तथा विधि तथा सूत्रहरुको प्रयोग गरी विश्लेषण गरी तयार पारिएको थियो । विशलेषण भएका तथ्यहरुलाई तालिका, ग्राफचित्र जस्ता विधिहरुबाट प्रस्तुत गर्दै राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयार पार्दै गाउँपालिका समक्ष पेश गरिएको थियो ।

छ) अन्तिम प्रतिवेदन स्वीकृती र प्रकाशन

मस्यौदा प्रतिवेदन वारे गाउँपालिका एव सरोकारवाला सम्वन्धित सवै पक्षहरुको सुझावहरु संकलन, मस्यौदा प्रतिवेदनमा छुटेका पक्षहरु थप्दै, तथ्यांकीय कमि कमजोरीहरु सच्याउदै प्रतिवेदनलाई आवश्यक परिमार्जन गरी राजस्व सुधार कार्ययोजना तर्जुमाको अन्तिम प्रतिवेदन तयार परिएको थियो ।

राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन विभिन्न ८ परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा परिचय रहेको छ । यसमा राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने क्रममा अवलम्वन गरिएका विधि, प्रक्रिया, उद्देश्य एवं राजस्व सुधार कार्ययोजनाको औचित्य वारे उल्लेख गरिएको छ भने परिच्छेद २ मा पालिकाको वस्तुस्थिति संक्षिप्त रुपमा खासगरी नगरपालिकाको भौगोलिक अवस्थिति, सामाजिक आर्थिक अवस्था, राजस्व परिचालनका सन्दर्भमा राजस्वको सम्भावना, संगठनात्मक संरचना, जनशक्तिको व्यवस्था, र पालिकाको भौतिक सम्पत्तिको वारेमा उल्लेख भएको छ । त्यसैगरी परिच्छेद ३ मा स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यताको व्यवस्था वारे उल्लेख भएको छ र परिच्छेद ४ मा आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था बारे उल्लेख भएको छ । परिच्छेद ५ मा राजस्व सुधार कार्ययोजनाको बारेमा उल्लेख गरिएको छ । परिच्छेद ६ मा तीन वर्षको आय प्रक्षेपण उल्लेख गरिएको छ । परिच्छेद ७ मा अपेक्षित नतिजा र परिच्छेद ८ मा अनुगमन र मुल्याकंन उल्लेख गरिएको छ । उपरोक्त पक्षहरुका साथसाथै अनुसूचीहरुमा खासगरी सूचना संकलन गर्दाका खाकाहरु उल्लेख गरिएको छ ।

१.५ सीमा

राजस्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक भएता पनि सीमित श्रोत साधन, विगतका वर्षहरूका सूचनाहरुको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका छन् :

क) प्रतिवेदन मूलत कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्धितीय श्रोतहरूबाट प्राप्त तथ्यांक तथा सूचनाहरूको आधारमा तयार पारिएको छ ।

ख) पालिकाको आन्तरिक आय तथा श्रोतको पहिचान गर्ने उद्देश्यका लागि तयार पारिएको तथ्यांक संकलन फारम अनुसार प्राप्त तथ्यांकहरु विभिन्न कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।

ग) पालिकामा भएको अभिलेख एवं छलफलबाट प्राप्त सूचनाको आधारमा आय श्रोतहरुको पहिचान तथा सम्भाव्यता अध्ययन भएको छ । पालिकाको विगतका आर्थिक वर्षहरुमा भएको यथार्थ आय विवरण, आय वृद्धि, कर तथा गैरकर राजस्व वृद्धिदर, अनुमानका आधारमा राजस्व प्रक्षेपण गरिएको छ ।

घ) पालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, सेवामा हुने वृद्धि र नागरिक सन्तुष्टिमा हुने वृद्धि आदि पक्षहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि त्यस्ता पक्षहरुसंग सम्वन्ध राख्नेहरुको तथ्यांकहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा समावेश गर्न सकिएको छैन ।

ङ) स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०७४ ले दिएको राजस्व अधिकारको आधारमा राजस्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ ।

परिच्छेद - दुई :
गाउँपालिकाको वस्तुस्थिति

२.१ भौगोलिक अवस्थिति

समुन्द्र सतह देखि करीव १०३१ मिटर देखि ७५५५ मिटर उचाइमा रहेको यस माछापुच्छ्रे गाउँपालिकाको ५४५.५२ वर्ग कि.मी. भूमिमा फैलिएको छ । विश्व मानचित्रमा यस गाउँपालिका ८३°४३' देखि ८३°९२' पूर्वी देशान्तर र २८°१८' देखि २८° ३९' उत्तरी आक्षांशमा अवस्थित छ । भूउपयोगका आधारमा यस क्षेत्रमा वन जंगलले करीव ३९.८७ प्रतिशत अर्थात २१७.४७ वर्ग किमि भूमि ओगटेको छ भने कृषि तथा वस्ती क्षेत्र करीव ८.४९ प्रतिशत अर्थात ४६.३३ वर्ग किमि छ । त्यसैगरी खाली भूमि १०९.२४ वर्ग किमि, र घाँसे तथा झाडी क्षेत्र करीव १२३.३१ वर्ग किमि छ । नदी, ताल तथा जल क्षेत्रले करीव ०.३३ प्रतिशत भूमि ओगटेको छ भने भिर पहराले ०.८० प्रतिशत र वलोटे तथा कंकड भूमिले करीव १.२८ प्रतिशत भूमि ओगटेको छ । कूल भूमिको करीव ६.६१ अर्थात ३६.०६ वर्ग किमि भूमि हिम क्षेत्रवाट ढाकिएको छ ।

२.२ राजनीतिक र प्रशासनिक विभाजन

साविकका माछापुच्छ्रे गाविस, सादर्स्खोला गाविस, घाचोक गाविस, लाहाचोक गाविस, रिभान गाविस, धिताल गाविस, धम्पुस र ल्वाङ घलेल गाविसलाई समावेश गरी मिति २०७३ फागुन २७ गते माछापुच्छ्रे गाउँपालिका रुपमा स्थापना गरियो । गाउँपालिकाको पूर्वमा मादी गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका, उत्तरमा मनाङ जिल्ला र दक्षिणमा पोखरा लेखनाथ महानगरपालिका र अन्नपूर्ण गाउँपालिका अवस्थित छन । प्रतिनिधि सभा निर्वाचनका लागि निर्धारण गरिएका क्षेत्रहरुमा यो पालिका ३ (ख) नम्वर क्षेत्र र सोको १ (ख) मा प्रदेश सभाको निर्वाचन क्षेत्रमा पर्दछ । माछापुच्छ्रे गाउँपालिकामा ९ वटा वडाहरु छन ।

२.३ जनसांख्यिक विवरण

गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७६ अनुसार गाउँपालिकामा कूल जनसंख्या २७८७३ रहेको छ । यस अन्तर्गत महिलाको जनसंख्या ४८.६६ र पुरुषको जनसंख्या ५१.३४ प्रतिशत रहेको पाइन्छ । घरधुरी संख्या राष्ट्रिय जनगणना २०६८ अनुसार ५५१२ रहेको छ । वडागत रुपमा हेर्दा सवैभन्दा वढी जनसंख्या भएको वडाहरुमा वडा नम्वर ४ पर्दछ । कूल संख्याको करीव १५.९७ प्रतिशत जनसंख्या यसै वडामा वसोवास रहेको पाइन्छ । यस पश्चात वडा नम्वर २, ३, ६, ७ र ८ मा करीव करीव वरावरी संख्यामा स्थानीयहरुको वसोवास पाइन्छ । सवैभन्दा न्यून संख्यामा मानव वसोवास रहेको वडाहरुमा वडा नम्वर ९ पर्दछ । क्षेत्रफलको आधारमा सवैभन्दा ठूलो वडाहरुमा वडा नम्वर

तालिका नम्वर १
जनसंख्या विवरण

वडा नं.	घरधुरी संख्या	जनसंख्या	क्षेत्रफल वर्ग किमि
१	३९५	२५७७	२७४.५०
२	८७९	३२८५	५१.०७
३	५८८	३३४०	९.१४
४	८२९	४४५३	७.५७
५	३६४	२५८३	१४.१२
६	७६७	३८२६	११.४७
७	६२०	३१०४	१५.४९
८	७००	३२२५	२०.२३
९	३७०	१४८०	१४१.०
जम्मा	**५५१२**	**२७८७३**	**५४५.५२**

श्रोत : वार्षिक वजेट, नीति कार्यक्रम २०७८/७९

१ र ९ पर्दछ भने सवैभन्दा सानोमा वडा नम्वर ३ पर्दछ । औषतमा पालिकाको जनधनत्व प्रति वर्ग किमि ५१.०९ र प्रति घरधुरी परिवार संख्या ५.०५ रहेको पाइन्छ ।

२.४ आर्थिक तथा सामाजिक अवस्था

क) आर्थिक अवस्था :

माछापुच्छ्रे गाउँपालिकाका घरधुरी सर्वेक्षण २०७६ अनुसार यस गाउँपालिकामा परिवारको मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन रहेको छ । करीव ७६.७९ प्रतिशत परिवारमा यसै पेशामा आवद्ध छन् । त्यसै गरी वैदेशिक रोजगारीमा करीव ७.९८ प्रतिशत, नोकरीमा ३.०५ प्रतिशत, ज्याला तथा मजदुरीमा ५.२५ प्रतिशत, उद्योग व्यापारमा ३.४२ प्रतिशत, र व्यवसायिक कार्यमा १.९९ प्रतिशत परिवार रहेका छन् ।

- **पर्यटकीय क्षेत्र :** माछापुच्छ्रे गाउँपालिका क्षेत्रभित्र पर्यटकीय स्थलहरु प्रसस्त छन । खासगरी साहसिक पर्यटनको लागि यो गाउँपालिका महत्वपूर्ण छ । च्याफ्टिङ, क्यानोनीङ, प्याराग्लाइडिङ, रक क्लाइम्बिङ, पर्वतारोहण यसका सम्भावनाहरु हुन । अन्नपूर्ण तेस्रो (७५५५ मी.), अन्नपूर्ण चौथो (७५२५ मी.), गंगापूर्ण (७४५५ मी.), गन्दर्भचुली (६२४८ मी.), मर्दी (५५८७ मी.), माछापुच्छ्रे (६९९३ मी.) यस गाउँपालिकाका मुख्य हिम पर्वतहरु हुन् ।
- **उद्योग व्यापार** : यस गाउँपालिका अर्न्तगत परम्परागत रुपमा चोयाको डोको, डालो, नाङ्गलो, नाम्लो, थुन्से, स्याखु, भकारी, चित्रो आदि घरायसी सामग्रीहरु बनाउने गरिन्छ भने ऊनबाट राडी पाखी, भांग्रा आदि बुनिन्छ । पछिल्लो समयमा ढुङ्गा काट्ने, ब्लक बनाउने, फर्निचर बनाउने, कुटानी पिसानी, धुप, मैनबत्ति बनाउने आदि उद्योगहरु सञ्चालनमा आएका छन् ।
- **वित्तीय संस्था** :माछापुच्छ्रे गाउँपालिकामा वित्तीय संस्थाको रुपमा प्रभु बैंकको शाखा र पोखरा फाइनान्सको शाखा छन् भने अन्य बिभिन्न सहकारीहरुले पनि बित्तीय कारोवार गर्दै आएका छन् ।

ख) सामाजिक अवस्था :

- **जातजाती :** माछापुच्छ्रे गाउँपालिका घरधुरी सर्वेक्षण, २०७६ अनुसार माछापुछ्रे गाउँपालिकामा विभिन्न जातजातीहरुको बसोवास रहेको छ । ब्राह्मण, क्षेत्री, नेवार, मगर, गुरुङ, ठकुरी, गिरी/पुरी तामाङ भुजेल र कामी र अन्य आदि जात जातिको वसोवास रहेको पाइन्छ । सवैभन्दा वढी वाहुल्यता रहेको जातजातीहरुमा ब्राह्मण, गुरुङ कामी, मगर र क्षेत्रीको रहेको छ । यसपछिको वाहुल्यतामा तामाङ, ठकुरी, नेवार, भुजेल गिरी पुरी र अन्य जात जातिको रहेको छ ।
- **कला, संस्कृति :** माछापुच्छ्रे गाउँपालिकामा विभिन्न किसिमका चाडपर्व, मेला तथा जात्राहरु मनाउने गरिन्छ । मुख्यगरी माघे संक्रान्ति मेला, ल्होछार मेला, दशैं, तिहार, चैत्र दशै मेला, बुद्ध जयन्ती, तीज मेला, जनै पूर्णिमा, शिवरात्री, नाग पञ्चमी, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, फागु पूर्णिमा मेला, बैशाख पूर्णिमा आदि रहेका छन ।
- **स्वास्थ्य सेवा :** यस माछापुच्छ्रे गाउँपालिका भित्र एक प्राथमिक स्वास्थ्य केन्द्र, सातवटा स्वास्थ्य चौकीहरु, एक सामुदायिक स्वास्थ्य इकाई रहेका छन् । गाउँपालिका भित्रका सवै स्वास्थ्य संस्थामा सुरक्षित मातृत्व सेवा, परामर्श सेवा, स्वास्थ्य सेवा, र जनचेतना सेवा उपलब्ध छ । बिरामीका लागि पहिलो उपचारका लागि हेल्थपोष्ट लैजाने ६६.३८ प्रतिशत छन्भने सरकारी हस्पिटल १७.४८ प्रतिशत, मेडिकल पसल ९.४३ प्रतिशत, प्राइभेट हस्पिटल ४.४० प्रतिशत र लामा झाँक्रीलाई देखाउने १.६० प्रतिशत घर परिवार रहेका छन ।

- **विद्युत, इन्धन तथा बत्तीको स्रोत र प्रयोगको अवस्था** : माछापुच्छ्रे गाउँपालिकामा बिद्युत उत्पादनको प्रचुर संभावना छ । केही आयोजनाहरु संचालनमा र केही निर्माणको क्रममा समेत छन् । संचालनमा रहेका आयोजनाहरुमा १८ कि.वा. क्षमताको सार्दीखोलामा अवस्थित घलेखर्क लघु जलबिद्युत आयोजना, ४४ कि.वा. क्षमताको ल्वाङघलेलमा अवस्थित सैतीखोला लघु जलबिद्युत आयोजना र ४४ कि.वा. क्षमताको रीभानमा अवस्थित सैतीघट्ट लघु जलबिद्युत आयोजना हुन । केही निर्माणको क्रममा रहेका जलबिद्युत आयोजनाहरुमा मन्दाकिनि हाइड्रोपावर, गण्डकी हाइड्रोपावर ४ मे.वा., मोदीखोला हाइड्रोपावर ८६.४ कि.वा. र आर.वि. हाइड्रोपावर ७.४ कि.वा. रहेका छन् । यसैगरी यस गाउँपालिकाको मुख्य इन्धनको श्रोत दाउरा नै हो जुन सामुदायिक, संरक्षित तथा निजी वनवाट ल्याउने गरिन्छ ।

२.५ भौतिक पूर्वाधारमा पहुँच

- **सडक यातायात :** माछापुच्छ्रे गाउँपालिका पोखरा बाग्लुङ सडक खण्डवाट २.०५ कि.मि. टाढा रहेको छ भने लामाचौर-सार्दीखोला-तातोपानी सडकवाट करिव ६.४८ कि.मि मा पर्दछ । सवै सडकहरु ग्राभेल र कच्ची अवस्थामा रहेका छन् जसको लम्बाई करिव १८५.२१ कि.मि. रहेको छ । सवै वडामा पोखरा महानगर देखि सिधा सार्वजनिक यातायात संचालनमा छन् । अधिकंश बस्तिहरमा ट्र्याक खोलीएको छ । मुख्य सडकहरुमा हेम्जा- मेलबोट-लुम्रे, मर्दीपुल- माछापुच्छ्रे, घट्टेखोला- धम्पुस-खानीगाउँ, लामाचौर-सार्दीखोला- तातोपानी, मेलबोट-धिताल आदि वाटोहरु सञ्चालनमा रहेका छन् । प्रत्येक वडाका वस्तीहरुवाट वडा कार्यालयसम्म जोड्ने र प्रत्येक वडा कार्यालयवाट गाउँपालिकाको कार्यालय जोड्ने सडकहरुको स्तरोन्नति गरी यातायात सुचारु गर्ने काम भैरहेको छ ।

२.६ गाउँपालिकामा मानव संसाधनको अवस्था

क) संगठनात्मक व्यवस्था :

संगठनात्मक संरचना अनुसार गाउँपालिकामा राजस्व प्रशासन संचालनका लागि राजस्व शाखाको व्यवस्था गरिएको छ । राजस्व प्रशासन संचालनका लागि १ जना कर्मचारीको व्यवस्था गरिएको छ । यस शाखालाई प्रशासन शाखा अन्तर्गत राखिएको छ । पालिकाको राजस्व संकलन वडा कार्यालयहरुवाट हुँदै आएको छ । यसवाट वडा सचिवहरुको जिम्मेवारी अरु वढेको पाइन्छ ।

पालिकाको संगठनात्मक संरचना यसैसाथ तल उल्लेख गरिएको छ ।

ख) राजस्व प्रशासन संचालन :

पालिकामा करदाताहरुको अभिलेख राख्ने व्यवस्था मिलाइएको छ । तिनुपर्ने कर रकम वारे करदाताहरुलाई जानकारी दिने, कर तथा शुल्क वारे चित्त नवुझेमा गुनासो सुन्ने व्यवस्था पालिकामा प्रभावकारी संयन्त्रको अभाव छ भने कानूनी व्यवस्थाको वर्खिलाप गरेमा दण्ड जरिवाना गर्ने व्यवस्था समेत हुन सकेको छैन ।

ग) संचार र समन्वय :

राजस्व परामर्श समिति क्रियाशील हुँदै आएको छ । करदाता एवं सरोकारवालाहरुसंगको समन्वय, कर शिक्षा एवं छलफल जस्ता कार्यक्रमहरु समय समयमा हुदै आएको छ । कर सम्वन्धी जानकारीका लागि पालिकाले करका दररेट, आर्थिक ऐन, कार्यविधि तथा निर्देशिकाहरु वेवसाइटमा अपलोड गरेको छ ।

माछापुच्छ्रे गाउँपालिकाको कार्यालय संगठन संरचना



२.७ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

२.७.१ गाउँपालिकामा रहेका सवारी साधनहरुको विवरण

तालिका नम्वर २ पालिकामा रहेका सवारी साधनहरु		
१	जिप + पिकअप	२
२	मोटर साइकल + स्कुटर	२०

परिच्छेद - तीन :
राजस्व अधिकार तथा आय सम्भाव्यता

३.१ राजस्व अधिकार

क) संवैधानिक अधिकार

नेपालको संविधान २०७२ को धारा ५७ मा राज्यशक्तिको बाँडफाँड सम्बन्धी व्यवस्था गरेको छ । राज्य शक्ति बाँडफाँड संविधानको अनुसूची ५ वमोजिम संघलाई, अनुसूची ६ वमोजिम प्रदेशलाई र अनुसूची ८ वमोजिम स्थानीय तहलाई हुने व्यवस्था भएको छ । त्यसैगरी अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकारका र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सम्वन्धी व्यवस्था गरिएको छ । यसरी व्यवस्था गरिएका अधिकारहरु प्रयोगका लागि सम्वन्धित सरकारहरुले आ-आफ्नो कानूनहरु वनाउनु पर्ने हुन्छ । नेपालको संविधान २०७२ को धारा ६० मा राजस्व स्रोतको बाँडफाँडको व्यवस्था गरिएको छ । यसअनुसार तीनै तहका सरकारले आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र राजस्व संकलन गर्न सक्ने व्यवस्था भएको छ । मुलत तीनैतहका सरकारललाई एकल अधिकार र साझा अधिकार गरी दुई प्रकारका अधिकार निर्धारण गरिएको छ । कर लगाउने तथा राजस्व संकलन गर्ने सन्दर्भमा स्थानीय तहका लागि नेपालको संविधान अनुसूची ८ को अनुक्रम ४ मा उल्लेख गरिएको छ । यस सम्वन्धी विस्तृत विवरण यसैसाथ तालिकामा उल्लेख गरिएको छ । सो अनुसार स्थानीय तहले सम्पत्ति कर, घरवहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर तथा मालपोत, दण्ड जरिवाना, मनोरञ्जन कर र मालपोत संकलन गर्न सक्ने छ भने प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी र पर्यटन शुल्कलाई साझा अधिकार क्षेत्रभित्र राखिएको छ ।

तालिका नम्वर ३
स्थानीय तहको सवैंधानिक अधिकार क्षेत्र

स्थानीय तहको अधिकार क्षेत्र अनुसूची ८ को अनुक्रम ४ वमोजिम	संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची ९ को अनुक्रम ६ वमोजिम
➧ सम्पत्ति कर ➧ घर वहाल कर ➧ घरजग्गा रजिष्ट्रेशन शुल्क ➧ सवारी साधन कर ➧ सेवा शुल्क दस्तुर ➧ पर्यटन शुल्क ➧ विज्ञापन कर ➧ व्यवसाय कर ➧ भूमिकर (मालपोत) ➧ दण्ड जरिवाना, ➧ मनोरञ्जन कर ➧ मालपोत संकलन	➧ सेवा शुल्क ➧ दस्तुर ➧ दण्ड जरिवाना ➧ प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी ➧ पर्यटन शुल्क
श्रोत : नेपालको संविधान २०७२	

ख) स्थानीय सरकार संचालन ऐन, २०७४

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा गाउँपालिका तथा नगरपकीलको वित्तीय अधिकार क्षेत्र उल्लेख भएको छ । सो परिच्छेदको दफा ५४ देखि ६४ सम्म वित्तीय अधिकार सम्वन्धी विविध पक्षहरु व्यवस्था गरिएको छ । यस अनुसार दफा ५४ मा कानून नवाइ कर लगाउन, उठाउन र ऋण लिन नपाइने व्यवस्था भएको छ भने दफा ५५ मा एकीकृत सम्पत्ति कर र घरजग्गा करको व्यवस्था गरिएको छ । यसैगरी

दफा ५६ मा भूमिकर तथा मालपोत, दफा ५७ मा घरजग्गा वहाल कर, दफा ५८ मा व्यवसाय कर, दफा ५९ मा वहाल विटौरी शुल्क, दफा ६० मा पार्किङ शुल्क, दफा ६१ मा जटीवुटी, कवाडी र जीवजन्तु कर, दफा ६२ मा सेवा शुल्कको व्यवस्था गरिएको छ भने दफा ६३ मा कर, शुल्क वा दस्तुर कुटनीतिक नियोग एवं कुटनीतिज्ञ र वैदेशिक ऋण एवं सहायतावाट संचालिन परियोजनाका पैठारी भएका मालसामानमा लगाउन नपाउने व्यवस्था छ । दफा ६४ मा प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्रभित्र कर निर्धारण, संकलन र वाँडफाँडको व्यवस्था गरिएको छ । यस अनुसार स्थानीय तहले टाँगा, रिक्सा, अटोरिक्सा र इरिक्सा जस्ता सवारी करको दर निर्धारण संकलन गर्ने अधिकार स्थानीय तहमा राखिएको छ भने यि वाहेकका सवारी साधनमा करदर निर्धारण र संकलन गर्ने अधिकार प्रदेश सरकारलाई दिइएको छ । यसैगरी घरजग्गा रजिष्ट्रेशन शुल्क र मनोरन्जन करको दर निर्धारण प्रदेश सरकारवाट र संकलन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिइएको छ भने विज्ञापन कर दर निर्धारण र संकलन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ । प्राकृतिक श्रोत कर खासगरी दुङ्गा, गिट्टी, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर वहत्तरको करदर निर्धारण प्रदेश सरकार र संकलन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिइएको छ । पर्यटन शुल्क पर्वतारोहरण, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क नेपाल सरकारलाई, स्थानीय उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा तथा संग्राहलयको प्रवेश शुल्क स्थानीय सरकारलाई र पर्यटन शुल्क निर्धारण र संकलन गर्ने अधिकार प्रदेश सरकारलाई दिइएको छ ।

ग) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

ऐनको दफा ३ मा कर, गैरकर तथा रोयल्टी लगाउन सक्ने व्यवस्था भएको छ । यस अनुसार स्थानीय तहको अधिकार क्षेत्र यसै ऐनको दफा ३ को उपदफा ३ तथा अनुसूची ३ मा उल्लेख गरिएको छ । स्थानीय तहको यस ऐन अनुसार देहाय वमोजिमका क्षेत्रहरुमा कर तथा गैरकर राजस्व संकलन गर्न सक्ने व्यवस्था भएको छ ।

तालिका नम्वर ४ वित्तिय अधिकार क्षेत्र	
करका क्षेत्रहरु	**गैरकरका क्षेत्रहरु**
१) सम्पत्ति कर २) घर वहाल कर ३) घर जग्गा रजिष्ट्रेशन शुल्क ४) सवारी साधन कर ५) भूमिकर (मालपोत) ६) मनोरञ्जन कर ७) विज्ञापन कर ८) व्यवसाय कर	१) सेवा शुल्क दस्तुर २) पर्यटन शुल्क ३) दण्ड जरिवाना स्थानीयतहको अधिकार क्षेत्रको विषयमा स्थानीय कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैकर करहरु
श्रोत : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४	

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार स्थानीय तहले कर राजस्व अन्तर्गत सम्पत्तिकर, घरवहाल कर, घरजग्गा राजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर तथा मालपोत, मनोरन्जन कर, विज्ञापन कर, व्यवसाय कर लगाउन र संकलन गर्ने सक्ने व्यवस्था गरिएको छ भने गैरकर राजस्व अन्तर्गत सेवा शुल्क दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवानावाट ।

त्यसैगरी दफा ४ मा गैरकरको दर निर्धारणका आधारहरु तोएिको छ । सवै तहका सरकारहरुले वस्तु वा सेवाको लागत, संचालन र सम्भार खर्चलाई आधार मानी गैरकरका दरहरु निर्धारण गर्नुपर्ने व्यवस्था छ भने दफा ५ मा एकल कर प्रशासन सम्वन्धी व्यवस्था गरिएको छ । यस अनुसार सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, विज्ञापन कर, मनोरञ्जन कर उठाउदा प्रदेश र स्थानीय सरकारले एक अर्काको कर समेत उठाउने व्यवस्था गरिएको छ । कर संकलन गर्दाको सम्वन्धित तहले प्रशासनिक खर्च २ प्रतिशत राखी वाँकी रकम सम्वन्धित तहको संचित कोषमा जम्मा गर्नुपर्ने हुन्छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ३ को दफा ६ मा मूल्य अभिवृद्धिकर तथा अन्तःशुल्क वाँडफाँड, दफा ७ मा प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टी वाँडफाँडको व्यवस्था गरेको छ । यस अनुसार मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कवाट १५ प्रतिशत र प्राकृतिक स्रोतको रोयल्टी (पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोत) वाट २५ प्रतिशत राजस्वको व्यवस्था गरिएको छ । यसैगरी परिच्छेद ४ को दफा ८ मा वित्तीय समानीकरण अनुदान, दफा ९ मा सशर्त अनुदान, दफा १० मा समपूरक अनुदान र दफा ११ मा विशेष अनुदानको व्यवस्था गरिएको छ भने दफा १४ मा आन्तरिक ऋण लिन सक्ने व्यवस्था गरिएको छ ।

घ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

प्राकृतिक स्रोतको परिचालन, राजस्व वाँडफाँड तथा अनुदान सम्वन्धी व्यवस्था यस ऐनको परिच्छेद ४ मा गरिएको छ । यसै ऐनको दफा १४ मा प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधार, दफा १५ मा राजस्व वाँडफाँड गर्दा लिइने आधार, दफा १६ मा अनुदान सिफारिस गर्दा लिइने आधारको व्यवस्था गरिएको छ । राजस्व वाँडफाँड गर्दा विशेष गरी जनसंख्या, भौगोलिक क्षेत्रफल, मानव विकास सूचकाङ्क, खर्चको आवश्यकता, राजस्व संकलनमा गरेका प्रयास, पूर्वाधार विकास जस्ता पक्षहरुलाई आधार मानिने व्यवस्था गरिएको छ ।

ङ) गाउँपालिकाको आर्थिक ऐन, २०७८

गाउँपालिकाको आर्थिक ऐन, २०७८ अनुसार निम्न राजस्वका श्रोतहरुवाट राजस्व संकलन गर्न सक्ने व्यवस्था गरिएको छ ।

१. भूमिकर (मालपोत)
२. घर वहाल कर
३. व्यवसाय कर
४. जडीवुटी, कवाडी, जीवजन्तु कर
५. सवारी साधन कर
६. विज्ञापन कर
७. मनोरञ्जन कर
८. वहाल विटौरी शुल्क
९. सेवा शुल्क, दस्तुर
१०. घरनक्सा शुल्क
११. निकासी कर
१२. सम्पत्ति कर

१३. प्राकृतिक स्रोत उपयोग कर

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

आर्थिक वर्ष २०७७/७८ को आय विवरण अनुसार गाउँपालिकाले रु १ करोड ५५ लाख राजस्व संकलन गर्न सक्षम भएको थियो । यसअघिको आर्थिक वर्ष २०७६/७७ मा रु.४ करोड २७ लाख राजस्व संकलन भएको थियो । यसरी अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०७७/७८ मा करीव ६३.७० प्रतिशतले राजस्व संकलनमा ह्रास आएको पाइन्छ । यस सम्वन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

३.२.१ कर राजस्व परिचालनको अवस्था

कर राजस्व तर्फ माछापुच्छ्रे गाउँपालिकाले भूमिकर तथा मालपोत, सम्पत्तिकर, व्यवसायकर, घरजग्गा बहाल कर संभावना भएको तर अहिलेसम्म संकलन नभएको देखिएको छ । तर सम्पत्ति करको भने दररेट तोकिएको देखिएको छ ।

तालिका नम्वर ५
कर राजस्व परिचालनको अवस्था

सि.नं.	आय शीर्षकहरू	भएको/नभएको		
		सम्भावना	दर निर्धारण	राजस्व संकलन
१.	सम्पत्तिमा आधारित कर मालपोत/भूमिकर	भएको	नभएको	नभएको
२.	सम्पत्तिमा आधारित कर सम्पत्तिकर	भएको	भएको	नभएको
३.	व्यवसाय कर	भएको	नभएको	नभएको
४.	सवारी कर	नभएको	नभएको	नभएको
५.	घरजग्गा बहाल कर	भएको	नभएको	नभएको
६.	विज्ञापन कर	नभएको	नभएको	नभएको
७.	मनोरञ्जन कर	नभएको	नभएको	नभएको

श्रोत : माछापुच्छ्रे गाउँपालिकाको अभिलेख, २०७८

३.२.२ गैरकर राजस्व परिचालनको अवस्था

गैरकर राजस्व अन्तर्गत माछापुच्छ्रे गाउँपालिकाकामा घर नक्सा पास दस्तुर, प्रमाणित तथा सिफारिस दस्तुर, नाता प्रमाणित दस्तुर जस्ता शुल्कहरुको राजस्व संकलनको सम्भावना रहेको, राजस्व संकलन पनि हुँदै आएको र राजस्व दररेटहरु पनि निर्धारण भएको छ । यसको अलवा, खानेपानी सेवा, पर्यटन, सार्वजनिक शौचालय, एवं तालतलैया जस्ता क्षेत्रहरुवाट सेवा शुल्क संकलन गर्न सकिने सम्भावना रहेको देखिएको छ ।

तालिका नम्वर ६
गैरकर राजस्व परिचालनको अवस्था

सि.नं.	आय शीर्षकहरू	भएको/नभएको		
		सम्भावना	दर निर्धारण	राजस्व संकलन
१.	सवारी पार्किङ्ग शुल्क	नभएको	नभएको	नभएको
२.	खानेपानी महशुल	भएको	नभएको	नभएको
३.	विद्युत महसुल	भएको	नभएको	नभएको

४.	वहाल विटौरी शुल्क	भएको	नभएको	नभएको
५.	पर्यटन सेवा शुल्क	भएको	नभएको	नभएको
६.	फोहोरमैला व्यवस्थपन शुल्क	भएको	नभएको	नभएको
७.	प्राकृतिक स्रोतः ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर बिक्री	भएको	नभएको	नभएको
८.	ढल निकास सेवा शुल्क	नभएको	नभएको	नभएको
९.	सार्वजनिक शौचालय सेवा शुल्क	भएको	नभएको	नभएको
१०.	हाटवजार सेवा शुल्क	भएको	नभएको	नभएको
११.	पशुवधशाला सेवा शुल्क	नभएको	नभएको	नभएको
१२.	सार्वजनिक संरचना मर्मत सम्भार शुल्क	नभएको	नभएको	नभएको
१३.	सडक बत्ती सेवा शुल्क (गाउँपालिका बाट)	नभएको	नभएको	नभएको
१४.	अतिथि गृह सेवा शुल्क	नभएको	नभएको	नभएको
१५.	अचल सम्पत्ति मूल्यांकन शुल्क	भएको	नभएको	नभएको
१६.	दर्ता तथा नवीकरण दस्तुर	भएको	नभएको	नभएको
१७.	नक्सापास दस्तुर	भएको	भएको	भएको
१८.	सिफारिस तथा बक्सौनी दस्तुर	भएको	भएको	भएको
१९.	नाता प्रमाणित दस्तुर	भएको	भएको	भएको
२०.	अन्य प्रमाणित दस्तुर	भएको	भएको	भएको
२१.	लिलाम विक्री	भएको	भएको	भएको
२२.	सार्वजनिक निजी साझदारी	भएको	नभएको	नभएको
२३.	अन्य स्रोत परिचालन (नक्सा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्वर आदि)	भएको	नभएको	नभएको
२४.	साँवा, ब्याज, लाभांस र वोनस	भएको	नभएको	नभएको
२५.	भाडा तथा वहाल	भएको	नभएको	नभएको
२६.	मेसिन तथा औजार भाडा	भएको	नभएको	नभएको
२७.	सभागृह भाडा	नभएको	नभएको	नभएको
२८.	ताल, पोखरी तथा जग्गा भाडा	भएको	नभएको	नभएको
श्रोत : माछापुच्छ्रे गाउँपालिकाको अभिलेख, २०७८				

३.२.३ सम्भावना तथा चुनौतिहरु

राजस्व अभिवृद्धि एवं परिचालन गर्ने सन्दर्भमा माछापुच्छ्रे गाउँपालिकामा निम्न अनुसारका सम्भावना तथा चुनौतिहरु रहेका छन ।

तालिका नम्वर ७ गाउँपालिकाको वस्तुस्थिति विश्लेषण	
सवल पक्ष तथा सम्भावनाहरु	**समस्या तथा चुनौतिहरु**
➧ राजस्व परिचालनका लागि प्रशासनिक संरचना तथा संयन्त्र निर्माण भएको ➧ गाउँपालिकामा राजस्व शाखा क्रियाशीलताका लागि राजस्व इकाइ गठन हुन गइरहेको ➧ राजस्व संकलन वडा कार्यालयवाट हुँदै आएको ➧ राजस्व अभिवृद्धिका लागि वार्षिक नीति, कार्यक्रम को व्यवस्था ➧ राजस्व अभिवृद्धि हुनसक्ने क्षेत्रहरुमा वार्षिक वजेट विनियोजन भएको ➧ सम्पत्तिकर, व्यवसायकर जस्ता मुख्य स्रोतहरु कार्यान्वयनमा ➧ धार्मिक एवं प्राकृतिक दृश्यावलोकन स्थलहरुको निर्माण संगै पर्यटन शुल्क संकलनको सम्भावना रहेको	➧ गैरकर राजस्व माथिको परनिर्भरता वढ्दै जानु ➧ सम्पत्तिकर र व्यवसायकर प्रभावकारी ढंगवाट कार्यान्वयन गर्न कठिनाई ➧ राजस्व अभिवृद्धिका लागि दायरा विस्तार गर्न कठिनाइ राजस्वका नयाँ क्षेत्र तथा स्रोत पहिचान गर्न कठिनाई ➧ राजस्व संकलनलाई डिजिटाइज एवं अनलाइन सेवा कार्यान्वयन गर्न कठिनाइ ➧ राजस्व संकलन हुने क्षेत्रहरु खासगरी पूँजीगत क्षेत्रमा लगानी अभिवृद्धि गर्न नसक्नु ➧ राजस्व शाखामा दक्ष एवं जनशक्ति संख्या न्यून हुनु ➧ गाउँपालिकाका पदाधिकारी, सदस्य एवं कर्मचारीहरुमा राजस्व अभिवृद्धि सम्वन्धी क्षमता न्यून हुनु ➧ कर राजस्व एवं गैरकर राजस्व परिचालनका लागि छाता कानून निर्माण नहुनु, जसको आधारमा कार्यविधि एवं अन्य कानूनहरु निर्माण हुन नसक्नु । जस्तो व्यवसाय कर, अटोरिक्सा, पार्किङ शुल्क, सम्पत्तिकर आदि जस्ता श्रोतका लागि कार्यविधि निर्माण नहुनु ➧ राजस्व सम्वन्धी वार्षिक नीति कार्यक्रमहरुको कार्यान्वयन का लागि वजेट व्यवस्था नहुनु ➧ कर भुक्तानीका लागि करदाताहरु गाउँपालिकाको कार्यालय मै आउनुपर्ने वाध्यात्मक अवस्था

३.३ राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

मछापुच्छ्रे गाउँपालिकाको प्रमुख राजस्वका स्रोतहरुको सम्भाव्यता निम्न अनुसार उल्लेख गरिएको छ ।

३.३.१ कर राजस्व

क) सम्पत्ति कर :

गाउँपालिकाले एकीकृत सम्पत्ति कर कार्यान्वयनमा ल्याएको छ । यसका लागि एकीकृत सम्पत्ति व्यवस्थापन कार्यविधि २०७५ समेत जारी भएको थियो । नेपाल सरकारको अर्थ विधेयक २०७५ वाट स्थानीय तहले सम्पत्ति करलाई मात्रै कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था मिलाएवाट यस पालिकाले पनि सम्पत्ति करलाई कार्यान्वयनमा ल्याउनु पर्ने हुन्छ । यस अन्तर्गत अचल सम्पत्तिहरु घर, जग्गा, टहरा आदिलाई राखिएको छ । भूमिकर (मालापोत) प्रयोजनका लागि पालिकाले करदर निर्धारण गरेको छ । यस अनुसार ५ रोपनी सम्मका

लागि रु.२० निर्धारण गरिएको छ भने २५ रोपनी सम्मका लागि प्रति रोपनी रु.१० र सो भन्दा वढीका लागि प्रति रोपनी रु.१५ का दरले निर्धारण भएको छ । त्यसैगरी सम्पत्ति करतर्फ रु.५ लाख सम्मका लाथि रु.५०, रु.५० लाख सम्मका लागि प्रति लाख रु.१० का दरले रु.५००।- (०.०१०० प्रतिशत), रु.१ करोड सम्म प्रति लाख रु.२० का दरले रु.२००० (०.०१०० प्रतिशत), रु.२ करोड सम्म प्रति लाख रु.२५ का दरले रु.५००० (०.०२०० प्रतिशत), रु.३ करोड सम्म प्रति लाख रु.३० का दरले रु.९००० (०.०३०० प्रतिशत), रु.५ करोड सम्मका लागि प्रतिलाख रु.४५ का दरले रु.२२५०० (०.०४५० प्रतिशत) का दरले करदर निर्धारण भएको छ । रु.५ करोड माथि जति भएपति प्रति लाख रु.५० का दरले निर्धारण गर्न सकिने व्यवस्था गरिएको छ ।

आर्थिक वर्ष २०७७/७८ मा कूल आन्तरिक आयमा भूमिकर (मालपोत) को योगदान करीव ७.३२ प्रतिशत र सम्पत्ति करको योगदान करीव १.९७ प्रतिशत मात्रै रह्यो । सम्पत्ति करको वृद्धिदर अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७७/७८ मा करीव ७३.२९ प्रतिशतले राजस्व संकलनमा ह्रास आएको पाइन्छ । आर्थिक वर्ष २०७६/७७ मा रु.७ लाख ४० हजार संकलन भएकोमा आर्थिक वर्ष २०७७/७८ मा रु.१ लाख ९७ हजार मात्रै संकलन भएको देखिन्छ ।

सम्भाव्यता : पालिकाको करदर निर्धारणमा वैज्ञानिकता देखिन्छ । शुरुमा समदर निर्धारण भए पनि सो पश्चात प्रगतिशील करदर निर्धारण भएको छ । नेपालको संविधानले पनि कर प्रणाली प्रगतिशील हुनु पर्ने व्यवस्था गरिएको छ ।

घरधुरीका आधारमा सम्पत्ति करको सम्भाव्यता हेर्दा पालिकालाई वार्षिक सम्पत्ति कर वापत रु.३ करोड १२ लाख ८८ हजार राजस्व संकलन गर्न सक्ने देखिन्छ । पालिकामा ५५१२ घरधुरी रहेका छन् । प्रति घर २ जना करदाता भएको अनुमान गर्दा सम्पत्ति कर प्रयोजनका लागि पालिकामा ११०२४ करदाता छन । शुरुका वर्षहरुमा उपरोक्त कर प्राप्त नभएपनि दायरा विस्तार गर्दै जाँदा सो रकम संकलन हुन सक्ने देखिन्छ । न्यूनतम ०.०२ प्रतिशत रु.१० लाख सम्म सम्पत्ति हुने करदाताका लागि र अधिकतम ०.०३७ प्रतिशत रु.५ करोड सम्पत्ति हुनेका लागि करदर निर्धारण गर्दा उपरोक्त रकम प्राप्त हुन सक्छ । यस सम्वन्धी विस्तृत विवरण यसैसाथ सम्लग्न तालिकामा उल्लेख गरिएको छ ।

तालिका नम्वर ८
सम्पत्ति कर : प्राप्त हुन सक्ने अनुमान

जम्मा घरधुरी संख्या	करदाता संख्या यथार्थमा प्रतिशतमा	करदाता संख्या	अचल सम्पत्ति न्यूनतम मूल्यांकन रु.	सम्पत्ति करदर	वार्षिक कर रकम प्रति एक करदातावाट रु.	जम्मा वार्षिक कर रकम रु.
५५१२	२ (११०२४)					
११०२४	७	७७२	१,०००,०००	०.०२	२००	१५४,३३६
११०२४	७	७७२	२,०००,०००	०.०२१	४२०	३२४,१०६
११०२४	६	६६१	३,०००,०००	०.०२२	६६०	४३६,५५०
११०२४	७	७७२	४,०००,०००	०.०२३	९२०	७०९,९४६
११०२४	१०	११०२	५,०००,०००	०.०२४	१२००	१,३२२,८८०
११०२४	१०	११०२	६,०००,०००	०.०२५	१५००	१,६५३,६००
११०२४	१०	११०२	७,०००,०००	०.०२६	१८२०	२,००६,३६८
११०२४	१०	११०२	८,०००,०००	०.०२७	२१६०	२,३८१,१८४

तालिका नम्वर ८ सम्पत्ति कर : प्राप्त हुन सक्ने अनुमान						
जम्मा घरधुरी संख्या	करदाता संख्या यथार्थमा प्रतिशतमा	करदाता संख्या	अचल सम्पत्ति न्यूनतम मूल्यांकन रु.	सम्पत्ति करदर	वार्षिक कर रकम प्रति एक करदातावाट रु.	जम्मा वार्षिक कर रकम रु.
११०२४	९	९९२	९,०००,०००	०.०२८	२५२०	२,५००,२४३
११०२४	८	८८२	१०,०००,०००	०.०२९	२९००	२,५५७,५६८
११०२४	३	३३१	१५,०००,०००	०.०३	४५००	१,४८८,२४०
११०२४	२.५	२७६	२०,०००,०००	०.०३१	६२००	१,७०८,७२०
११०२४	२.५	२७६	२५,०००,०००	०.०३२	८०००	२,२०४,८००
११०२४	२	२२०	३०,०००,०००	०.०३३	९९००	२,१८२,७५२
११०२४	२	२२०	३५,०००,०००	०.०३४	११९००	२,६२३,७१२
११०२४	१.५	१६५	४०,०००,०००	०.०३५	१४०००	२,३१५,०४०
११०२४	१.५	१६५	४५,०००,०००	०.०३६	१६२००	२,६७८,८३२
११०२४	१	११०	५०,०००,०००	०.०३७	१८५००	२,०३९,४४०
११०२४	१००	११०२४			१०३५००	३१,२८८,३१७

ख) घरवहाल कर

विद्यमान अवस्था : पालिका क्षेत्रभित्र व्यक्ति संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रा, जग्गा, पोखरी आदि पूरै वा आंशिक तवरले वहालमा दिएमा घरजग्गा वहाल कर लगाइने व्यवस्था पालिकाको आर्थिक ऐनमा व्यवस्था गरिएको छ । घर वहाल कर प्रयोजनका लागि वजार क्षेत्रलाई भौगोलिक क्षेत्रका रुपमा वर्गीकरण गरी सोही अनुसार न्यूनतम भाडा दर निर्धारण हुन सकेको छैन । यसैगरी भाडा प्रयोजन (व्यक्तिगत, संस्थागत र व्यवसायिक) का आधारमा समेत वर्गीकरण गरी वहाल कर पनि निर्धारण हुन सकेको छैन । पालिकाले सवै क्षेत्रका लागि एकमुष्ट करदर १० प्रतिशत निर्धारण गरेको छ । यस हिसाववाट व्यक्तिगत प्रयोजन र व्यवसायिक प्रयोजनका लागि घर वहाल लिदा एकै करदरमा भुक्तानी गर्नुपर्ने प्रावधान रहेको छ । जुन सामाजिक हिसाववाट पनि न्यायोचित मान्न सकिदैन ।

तालिका नम्वर ९ घरवहाल कर	
क्षेत्र	वार्षिक दर
आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा वहालमा दिएमा सम्वन्धित घनीवाट वहाल रकमको वढीमा	१० प्रतिशत

ग) व्यवसाय कर

विद्यमान अवस्था : पालिकाले विभिन्न १५७ प्रकारका विभिन्न उद्योग व्यापार व्यवसायहरुवाट राजस्व संकलनका लागि शुल्क निर्धारण गरेको छ । यसरी शुल्क निर्धारण गर्दा व्यवसाय शुरु दर्ता र नवीकरणका लागि अलग अलग शुल्क निर्धारण भएको छ । यस अनुसार व्यवसाय दर्ता गर्दा न्यूनतम रु.५०० र अधिकतम रु.७५००० क्रसर उद्योगका लागि निर्धारण भएको छ । त्यसैगरी नवीकरणतर्फ न्यूनतम रु.२०० देखि अधिकतम रु.२५००० निर्धारण गरिएको छ ।

व्यवसाय कर सिद्धान्तत, वार्षिक कारोवारको आधारमा कर लगाउने गरिन्छ । कर कार्यालयको लामो अभ्यास यसैमा आधारित छ । व्यवसायहरुको लेखापरीक्षण एवं वार्षिक कारोवारलाई आधार मानी कर रकम निर्धारण गर्ने गरिन्छ । सामान्यत, पालिका भित्र संचालन हुने व्यवसायहरुको स्तर र व्यवसायिक प्रकृति हेर्दा स्थानीय नै हुने र अधिकांश अनौपचारिक हुने भएकोले लेखापरीक्षण गर्ने कार्य आफैमा त्यत्ति व्यवहारिक नहुन पनि सक्छ । तापनि व्यवसायमा कर निर्धारण गर्ने आधार भनेको कारोवार नै हो । यसैका आधारमा कर संकलन गर्नुपर्ने हुन्छ । यसका लागि पालिकाले व्यवसायको प्रकृति, हुनसक्ने वार्षिक कारोवार, व्यवसायमा भएको पूँजी लगानी जस्ता पक्षलाई आधार मानी व्यवसायिहरुको प्रतिनिधि संस्थासंगको सहमतिमा एक करयोग्य रकम मानी सोमा करदर निर्धारण गर्दा तुलनात्मक रुपमा व्यवहारिक हुन सक्छ ।

सम्भाव्यता :

पालिकाको अभिलेख अनुसार पालिका क्षेत्रभित्र २१२१ वटा उद्योग व्यवसायहरु संचालनमा रहेको देखिन्छ । यस्ता व्यवसायहरुवाट वार्षिक रु.२ हजारका दरले व्यवसाय कर संकलन गर्दा पनि करीव रु.४२ लाख ४२ हजार हुन सक्छ ।

३.३.२ गैरकर राजस्व

क) नक्सापास

विद्यमान अवस्था तथा सम्भाव्यता : पालिकाले घरनक्सा वापत राजस्व आर्थिक वर्ष २०७६/७७ मा रु.५ लाख १६ हजार र आर्थिक वर्ष २०७७/७८ मा रु.८ लाख १९ हजार संकलन भइसकेको सन्दर्भमा घरको नक्सापास गर्ने अभ्यास क्रमिक रुपमा वृद्धि हुँदै आएको देखिन्छ ।

ख) प्राकृतिक श्रोत (ढुङ्गा, वालुवा, गिट्टी)

विद्यमान अवस्था तथा सम्भाव्यता : वातावरणीय पक्षहरुलाई मध्यनजर राख्दै आइइ इआए गरी पालिकाले आफ्नो क्षेत्रमा उपलव्ध ढुङ्गा, गिट्टी, वालुवावाट राजस्व संकलन गर्न सक्ने सम्भावना देखिएको छ । यसका लागि आवश्यक कानूनी व्यवस्था मिलाई ठेक्का प्रणाली मार्फत यस कार्यलाई आरम्भ गर्न सकिन्छ । यस सम्वन्धमा पालिकाले प्राकृतिक श्रोत संरक्षण तथा व्यवस्थापन ऐन, २०७५ कार्यान्वयनमा समेत ल्याइ सकेको छ ।

ग) स्थानीय पूर्वाधार सेवा उपयोग शुल्क : सडक, खानेपानी, ढल निकास

विद्यमान अवस्था र सम्भाव्यता : पालिका क्षेत्रभित्र आफ्नै लगानीमा स्थानीय सडकहरु निर्माण हुँदै आएका छन । यसरी निर्माण भएका सडकहरुको अपर्याप्त वजेटका कारण एकै पटक कालोपत्रै गरी पक्की सडक निर्माण हुन नसक्ने भएकोले त्यस्ता निर्मित धुले सडकहरुलाई नियमित रुपमा मर्मत गरी आवागमनलाई सहजता ल्याउनु पर्ने हुन्छ भने क्रमिक रुपमा त्यस्ता सडकहरुलाई सडक नाली वनाउदै कालोपत्रै गरी पक्की सडक वनाउनु पर्ने पनि हुन्छ । यसका लागि पालिकाले सडक उपयोग गरेवापत सवारी साधनहरुवाट राजस्व संकलन गर्न सके उपरोक्त कार्यहरु गर्न पालिका सक्षम हुन सक्नेछ । त्यसैगरी पालिकाले खानेपानी सुविधा नागरिकहरुलाई उपलव्ध गराउदै आएको सन्दर्भमा पाइप, मुहानहरुको नियमित रुपमा मर्मत एवं सुधार गर्नुपर्ने भएकोले लाभान्वित समूहवाट सो उपभोग वापत पनि शुल्क संकलन गर्न सक्ने छ । यस सम्वन्धमा पालिकाले आर्थिक वर्ष २०७६/७७ मा रु.२ करोड ६७ लाख ५४ हजार राजस्व संकलन भइसकेको अभिलेख पालिकामा पाइन्छ । तर सो पश्चातका आर्थिक वर्षहरुमा यस वापत राजस्व संकलन हुन नसकेको देखिन्छ ।

घ) पूर्वाधार क्षेत्रमा लगानी : अस्पताल, प्राविधिक शिक्षालय, कृषि उपज संकलन तथा हाटवजार केन्द्र, औद्योगिक ग्राम, वहुउद्देश्यीय व्यापारिक भवन आदि ।

विद्यमान अवस्था तथा सम्भाव्यता : उपरोक्त पूर्वाधारहरु हाल पालिका क्षेत्रभित्र उपलव्ध छैन । सो सेवा उपलव्धताका लागि निजी क्षेत्र एवं सहकारी संस्थाहरुसंग सहकार्य तथा साझेदारी गर्न सक्ने छ । यसका लागि कानूनी व्यवस्थाका साथै आवश्यक अध्ययन अनुसन्धान गर्नुपर्ने हुन्छ र निजी क्षेत्रहरुसंग परामर्श एवं आकर्षण गर्नुपर्ने हुन्छ । यसवाट तुरुन्तै गाउँपालिकालाई राजस्व प्राप्त नभएपनि समयको अन्तरालमा प्राप्त हुन सक्ने सम्भावनालाई नकार्न सकिदैन ।

परिच्छेद - चारः
आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

४.१ राजस्व परिचालन सम्वन्धी पालिकाको कानून तथा नीतिगत व्यवस्था :

माछापुच्छे गाउँपालिकाले आन्तरिक राजस्व अभिवृद्धिका लागि विगत तीन आर्थिक वर्षहरुमा (२०७६/७७, २०७७/७८ र २०७८/७९) गाउँपालिका अध्यक्षवाट वार्षिक नीति कार्यक्रम र उपाध्यक्षवाट वजेट तथा कार्यक्रम गाउँसभामा प्रस्तुत हुँदै आएको छ । गाउँसभामा प्रस्तुत गरिएका उपरोक्त कार्यक्रमहरुमा राजस्व सम्वन्धी नीति कार्यक्रम तथा वजेट व्यवस्था देहाय वमोजिम गरिएको छ ।

क) आन्तरिक राजस्व अभिवृद्धिका लागि अंगिकार गरिएको नीति तथा कार्यक्रम

- राजस्व संकलन र परिचालनलाई पारदर्शि र प्रभावकारी वनाइने छ ।
- गाउँपालिकाको आन्तरिक श्रोत साधनहरुको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरा र क्षेत्र विस्तार र राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी वनाइने छ ।

४.२ आय संकलनको संस्थागत क्षमता

संस्थागत संरचना स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार विभिन्न समितिहरु गठन भएका छन् र आवश्यकताका आधारमा उपसमितिहरु गठन भई संघीयताको अभ्यास भएको छ । पालिका जनशक्तिको हिसावले हेर्दा जनप्रतिनिधिहरु र कर्मचारीहरु आवद्ध छन् । प्रशासन, शिक्षा, लेखा, प्राविधिक, सूचना, रोजगार सेवा, स्वास्थ्य, कृषि तथा पशुविकास, सामाजिक विकास, राजस्व, योजना शाखा तथा उपशाखाहरु क्रियाशील छन् । यस गाउँपालिकामा राजस्व शाखाको जिम्मा राजस्व शाखा अन्तर्गको एक जना पाँचौ तहको कर्मचारीलाई दिईएको छ भने राजस्व सङ्कलन वडा कार्यालयवाट भई वडा सचिवको समेत आवद्धता रहदै आएको छ । पालिकाका लागि यो ठूलो जनशक्ति हो । यसैगरी सूचना तथा सञ्चारका आधुनिक प्रविधिहरु पालिकामा उपलव्ध छ । पालिकामा आर्थिक कारोवारको अभिलेखीकरण कम्प्युटर सफ्टवेयर सुत्रमा गर्ने गरिएको छ । राजस्व सङ्कलन गर्ने सर्न्दमा पालिका मुख्य कार्यालय र वडा कार्यालयहरु वीच सञ्जाल विकास गर्ने क्रममा छ ।

४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

आर्थिक वर्ष २०७७/७८ को आय विवरण अनुसार गाउँपालिकाले रु १ करोड ५५ लाख राजस्व संकलन गर्न सक्षम भएको थियो । यसअघिको आर्थिक वर्ष २०७६/७७ मा रु.४ करोड २७ लाख राजस्व संकलन भएको थियो । यसरी अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०७७/७८ मा करीव ६३.७० प्रतिशतले राजस्व संकलनमा ह्रास आएको पाइन्छ । यस सम्वन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नम्वर १०
आन्तरिक आयको विवरण

क्र.सं.	आय शिर्षक	आर्थिक वर्ष	
		२०७६/७७	२०७७/७८
क)	**कर राजस्व**	-	
१	मालपोत वा भूमिकर	-	७४९,३३३
२	सम्पत्तिकर	७४०,०००	१९७६६९
३	घरजग्गा बहाल कर	२११,०००	३३९२७८

तालिका नम्वर १० आन्तरिक आयको विवरण			
क्र.सं.	आय शिर्षक	आर्थिक वर्ष	
		२०७६/७७	२०७७/७८
	जम्मा कर राजस्व	**९५१०००**	**१२८६२८०**
ख)	**गैरकर राजस्व**		
५	अन्य सेवा शुल्क तथा विक्रि	३२८,०००	९२८८१४
६	दर्ता तथा नविकरण दस्तुर	९१३,०००	३०१०३६
७	नक्सापास दस्तुर	५१६,०००	८१९१८३
८	सिफारिस तथा बक्सौनी दस्तुर	१,७७५,०००	२४४३६१३
९	व्यक्तिगत घटना दस्तुर	९८,०००	१५५२५०
१०	अन्य राजश्व	७,००९,०००	९६२८७१५.१५
११	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	२६,७५४,०००	-
१२	व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने	१८१,०००	-
१३	अन्य संस्थागत आन्तरिक अनुदान	४,१९५,०००	-
	जम्मा गैरकर राजस्व	**४१७६९०००**	**१४२७६६११.१५**
	जम्मा आन्तरिक आय	**४२,७२०,०००**	**१५५६२८९१.१५**

४.४ राजस्व परिचालनमा रहेका सवालहरु

- करदर महङ्गो भएको ।
- कर्मचारी पदाधिकारी नागरिक समाजलाई जनचेतनामूलक वृद्धि विकासका लागि कार्यक्रम संचालन गर्न नसक्नु ।
- राजश्व शाखाका कर्मचारीहरुका लागि क्षमता अभिवृद्धि तालिम प्रशिक्षको व्यवस्था हुन नसक्नु ।
- राजश्व कर तथा गैर करको छुट्टै कानुन नहुनु ।

परिच्छेद - पाँच :
राजस्व सुधार कार्ययोजना तर्जुमा

५.१ कर राजस्व सुधार योजना तर्जुमा

कर राजस्व अन्तर्गत सम्पत्ति कर, भूमिकर, घर जग्गा वहाल कर, व्यवसाय कर, सवारी कर र जडीवुटी, कवाडी तथा जीवजन्तु कर रहेका छन् । उपरोक्त करहरुको सुधारका लागि गाउँपालिकाकाको देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा भएको छ ।

क) उद्देश्य :

स्थानीय तहको वित्तीय अधिकार क्षेत्रभित्रका करका श्रोतहरु पहिचान, दायरा विस्तार र नागरिकहरुलाई कर सञ्जालमा आवद्ध गरी कर सङ्कलनमा प्रभावकारीता ल्याई सङ्कलित रकमलाई पूँजी वृद्धि क्षेत्रमा लगानी गर्दै कर राजस्वलाई पालिकाको दिगो, भरपर्दो र मुख्य आय श्रोतको रुपमा स्थापित गर्नु ।

ख) रणनीतिहरु

१ कर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
२ कर तिर्ने अभ्यासका लागि नागरिकलाई प्रोत्साहित गर्ने ।
३ राजस्व सम्वन्धी तथ्याङ्क अभिलेखन र अद्यावधिक गर्ने ।
४ कर संकलन प्रक्रियालाई सरल, सहज र पारदर्शि वनाउने ।
५ करको दररेट निर्धारणलाई व्यवहारिक, वैज्ञानिक र समयसापेक्षा वनाउने ।
६ सङ्कलित राजस्वलाई पूँजी वृद्धि हुने क्षेत्रमा लगानी गर्ने ।

ग) कार्यनीतिहरु

रणनीति- १ अन्तर्गतको कर राजस्व परिचालनका लागि ऐन कानुन तर्जुमा अन्तर्गतको कार्यनीतिहरु

१. पालिकाको आर्थिक ऐनलाई व्यवहारिक र समयसापेक्षा वनाउन हरेक आर्थिक वर्ष अध्ययनका आधारमा पालिका आर्थिक ऐन संशोधन, परिमार्जन गरिनेछ ।
२. भूमिकर, सम्पत्तिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, जडीवुटी कवाडी तथा जीवजन्तु कर सञ्चालनका लागि अलग अलग कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
३. पालिका भित्र नियमित रुपमा सञ्चालन हुने उद्योग, व्यापार व्यवसायको अनिवार्य दर्ता र इजाजत लिनुपर्ने पक्षलाई मापदण्ड वनाई कार्यान्वयनमा ल्याइनेछ ।
४. ट्याक्टर (वालुवा, ईटा, गिट्टी, माटो संकलनका लागि) लगायत स्थानीय साना सवारी साधन सञ्चालन सम्वन्धी कार्यविधि निर्माण गरिनेछ ।

रणनीति २ को कर तिर्ने अभ्यासका लागि नागरिकलाई प्रोत्साहित गर्ने अन्तर्गतको कार्यनीतिहरु

१. कर शिक्षा, सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
२. आर्थिक वर्षको शुरुमा एकमुष्ट कर भुक्तानीमा करछुट दिइनेछ ।
३. करदाताहरुको स्तर निर्धारण गरी ठूला करदाताहरुलाई सार्वजनिक कार्यक्रम मार्फत सम्मान गरिनेछ ।
४. ठूला करदाताहरुलाई पालिकाको सिफारिस एवं प्रमाणीकरण दस्तुर एक निश्चित अवधिका लागि छुट दिइनेछ ।
५. कर नतिर्ने, निर्धारित अवधिभित्र कर तिर्ने ढिलाई गर्ने करदातालाई दण्ड सजाय गरिनेछ ।

६. वडा एवं समुदायस्तरमा कर शिक्षा जनचेतना प्रचार सामाग्रीहरु वितरण र कार्यक्रम सञ्चालन गरिनेछ ।

रणनीति ३ को राजस्व सम्वन्धी तथ्याङ्क अभिलेखन र अद्यावधिक गर्ने अन्तर्गतको कार्यनीतिहरु

१. करदाता पहिचानका लागि घरधुरी सर्भेक्षण एवं तथ्याङ्क सङ्कलन गरिनेछ ।
२. भूमिकर, सम्पत्तिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, सवारी साधन कर, जडीवुटी कवाडी एवं जीवजन्तु करका करदाताहरुको अभिलेख अलग अलग र विस्तृत विवरण तयार पार्ने र लगत नियमित अद्यावधिक गरिनेछ ।
३. घर नम्वरिङ्ग गर्दै करदाताहरुलाई करदाता परिचय पत्र वितरण गरिनेछ ।
४. पालिका भित्र सञ्चालनमा रहेका उद्योग, व्यापार व्यवसाय, घरजग्गा वहाल विवरण सङ्कलन गरी लगत अद्यावधिक गरिनेछ ।
५. पालिका भित्र नियमित सञ्चालित स्थानीय साना सवारी साधनलाई नम्वरिङ गर्ने सोको अभिलेख राखिनेछ।
६. राजस्व शाखामा तथ्याङ्कहरु कम्प्युटर प्रणाली आइसिटिको प्रयोगमा ल्याउने । यसका लागि इण्टरनेट सुविधा उपलव्ध गराइनेछ ।

रणनीति ४ को कर सङ्कलन प्रक्रियालाई सरल, सहज र पारदर्शि वनाउने अन्तर्गतका कार्यनीतिहरु

१. कार्यपालिका र वडा कार्यालय वीच कम्प्युटर संजाल स्थापित गरी वडा कार्यालयवाट कर सङ्कलन सेवा सुविधा प्रदान गरिनेछ ।
२. राजस्व सङ्कलनमा वैकिङ् प्रणाली अवलम्वन गरिनेछ ।
३. कर विवरण पेश लगायत राजस्व सम्वन्धी कार्य लागि अनलाइन सुविधा प्रदान गरिनेछ ।
४. सङ्कलित राजस्व विवरण कार्यपालिकाको वेवसाइट मार्फत सार्वजनीकरण गरिनेछ ।

रणनीति ५ को करको दररेट निर्धारणलाई व्यवहारिक, वैज्ञानिक र समयसापेक्षा वनाउने अन्तर्गतका कार्यनीतिहरु

१. राजस्व सङ्कलनमा प्रगतिशिल करदर प्रणाली लागु गरिनेछ ।
२. कर वृद्धिका लागि नयाँ क्षेत्रहरु पहिचान गर्ने र करको दररेटलाई सक्दो न्यून वनाउने र दायरा फराकिलो पारिनेछ
३. भूउपयोग, जग्गाको उपयोगता र मूल्यको आधारमा भूमि वर्गीकरण एवं रेखाङ्कन गर्ने र सोका आधारमा भूमिकर दर निर्धारण गरिनेछ ।
४. जग्गा तथा घरको भौगोलिक अवस्थिति, संरचनाको किसिमको आधारमा सम्पत्तिकर निर्धारण गरिनेछ ।
५. व्यवसायको प्रकृति, स्तर, व्यवसाय सञ्चालन क्षेत्र, कारोवारको आधारमा वर्गीकरण गरी सोको आधारमा करको दररेट निर्धारण गरिनेछ ।
६. जडीवुटी, कवाडी तथा जीवजन्तुको हाड सिङ आदिको उपलव्धता, व्यवसायिक उपयोगिता, मूल्य श्रृङ्खला चक्र र वजार मूल्यका आधारमा करदर निर्धारण गरिनेछ ।
७. करको दररेट निर्धारणका लागि स्थानीय समाजसेवी, वुद्धिजिवी, राजनीतिक दल, सरोकारवाला, संघ संस्था तथा करदाताको राय सुझाव प्रतिक्रियाका आधारमा तय गरिनेछ ।

रणनीति ६ को सङ्कलित राजस्वलाई पूँजी वृद्धि हुने क्षेत्रमा लगानी गर्ने अन्तर्गतका कार्यनीतिहरु

१. सङ्कलित राजस्वलाई आय वृद्धि हुने क्षेत्र वारे अध्ययन, अनुसन्धानवाट पहिचान गर्ने र सो क्षेत्रमा लगानी गरिनेछ।

२. निजी क्षेत्रसंगको सहकार्यमा व्यापारिक कम्प्लेक्स, हाटवजार, उद्यान पार्क, वसपार्क, प्राविधिक शिक्षालय, अस्पताल, सङ्कलन केन्द्र, गोदाम घर, पर्यटकीय स्थलमा अत्यावश्यक भौतिक पूर्वाधार, सार्वजनिक शौचालय निर्माणमा लगानी गरिनेछ ।

३. वडा कार्यालयहरु वहुउद्देश्यीय उपयोगका लागि निर्माण गरी सेवाग्राहीहरुका अत्यावश्यक सेवाहरु उपलव्ध गरिनेछ।

४. कृषि र वन पैदावरका क्षेत्रमा उद्यमशिलता एवं व्यवसायिकता विकास गर्ने सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरी उद्योग व्यवसायहरुको स्थापनामा सहयोग गरिनेछ ।

घ) कर राजस्व सुधार कार्ययोजना

तालिका नम्वर ११ राजस्व सुधार कार्ययोजना : कर राजस्व			
क.सं.	**सुधारका लागि गर्नुपर्ने कार्यहरू**	**समयावधि**	**जिम्मेवारी**
क)	**सम्पति कर**		
१	सम्पत्ति (जग्गा र भौतिक संचरना) को मूल्यांकन परिमार्जन गर्ने	२०७९ मंसिर मसान्त सम्म	राजस्व परामर्श समिति, गाउँ सभा
२	सम्पत्ति कर व्यवस्थापन कार्यविधि परिमार्जन गर्ने	२०७९ मंसिर सम्म	गाउँ कार्यपालिका
३	सबै वडाबाट सम्पत्ति कर सङ्कलनका लागि आवश्यक भौतिक सुविधाको व्यवस्था गर्ने	२०७९ श्रावण देखि नियमित	गाउँपालिका, वडा कार्यालयहरु
४	सम्पत्ति (जग्गा र भौतिक संचरना) को स्वयं घोषणा अभियान सञ्चालन गरी सम्पत्ति करदाताहरुको तथ्यांक अद्यावधि गर्ने	२०७९ भदौ देखि नियमित	राजस्व शाखा र वडा कार्यालयहरु
ख)	**घर जग्गा वहाल कर**		
१	पालिकाभित्र संस्थागत, व्यवसायिक वा व्यक्तिगत प्रयोजनले बहालमा रहेका घरजग्गाको तथ्याङ्क सङ्कलन गर्न	२०७९ आश्विन मसान्त सम्म	राजस्व उपशाखा वडा सचिव
२	घरजग्गा बहाल करको दर प्रगतिशील करको सिद्धान्तको आधारमा निर्धारण गर्ने	२०७९ भदौ मसान्त सम्म	राजस्व परामर्श समिति र गाउँसभा
३	बहाल करका सङ्कलन प्रकृयामा स्पष्टता ल्याउन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने	२०७९ भदौ मसान्त भित्र	गाउँपालिका
४	बहालमा लगाएका घरधनीहरूलाई जानकारी गराई सम्पूर्णलाई करको दायरमा ल्याउने	२०७९ साउन मसान्त देखि नियमित	राजस्व उपशाखा
ग)	**व्यवसाय कर**		

तालिका नम्वर ११ राजस्व सुधार कार्ययोजना : कर राजस्व			
क.सं.	**सुधारका लागि गर्नुपर्ने कार्यहरू**	**समयावधि**	**जिम्मेवारी**
१	पालिका क्षेत्रमा व्यवसाय गर्नको लागि पालिकामा अनिवार्य दर्ता गर्नु पर्ने व्यवसथा गर्न सबै व्यवसायीलाई सुचित गर्ने	२०७९ साउन देखि नियमित	राजस्व परामर्श समिति, राजस्व उपशाखा
२	व्यवसायको वार्षिक कर संगै शुरुको वर्षमा दर्ता शुल्क निर्धारण गर्ने । व्यवसाय कर असुलीमा छुट तथा दण्ड जरिवानाको व्यवस्था गर्ने	२०७९ साउन देखि नियमित	राजस्व परामर्श समिति गाउँसभा
३	दर्ता भएका (सूचीकृत) व्यवसायहरुको लगत अद्यावधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने	२०७९ साउन देखि नियमित	राजस्व उपशाखा र वडा कार्यालयहरु
घ)	**जडिवुटी, कवाडी, जीवजन्तु कर**		
१	जडिवुटी, कवाडी र जीवजन्तु कर सङ्कलन हुने स्थान र परिमाण जानकारीका लागि तथ्याङ्क संकलन गर्ने	२०७९ मंसिर मसान्त सम्म	राजस्व उपशाखा र वडा कार्यालयहरु
२	जडीवुटी जीवजन्तु तथा कवाडी कर कार्यविधि तर्जुम ।गर्ने	२०७९ कार्तिक मसान्त सम्म	राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत
ङ)	**विज्ञापन कर**		
१	न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने	२०७९ भाद्र मसान्त सम्म	राजस्व उपशाखा र वडा कार्यालयहरु
२	प्रदेश कानुन वमोजिम विज्ञापन कर कार्यविधि तर्जुम ।गर्ने	२०७९ कार्तिक मसान्त सम्म	राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत
च)	**सवारी साधन कर**		
१	पालिका क्षेत्रमा संचालित भएको सवारी साधनहरुको अभिलेख अद्यावधिक गर्ने	२०७९ भदौ मसान्त सम्म	राजस्व उपशाखा, वडा कार्यालयहरु
२	प्रदेश कानुन वमोजिम विज्ञापन कर कार्यविधि तर्जुम ।गर्ने	२०७९ कार्तिक मसान्त सम्म	राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत

५.२ गैरकर राजस्व सुधार योजना तर्जुमा

यस अन्तर्गत पालिकावाट गरिने सिफारिस, प्रमाणीकरण, र संघ संस्थाहरुको दर्ता, इजाजत, अनुमति, नवीकरण, अचल सम्पत्तिको मूल्याङ्कन जस्ता सेवा सुविधाहरु उपलव्ध गराए वापतको शुल्क, दस्तुर एवं

प्राकृतिक श्रोतको विक्रीहरु रहेका छन् । उपरोक्त गैरकरहरुको सुधारका लागि गाउँपालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ ।

क) उद्देश्य :

स्थानीय तहको अधिकार क्षेत्रभित्रका गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान, विस्तार गरी नागरिकहरुलाई प्रभावकारी, गुणस्तरीय सेवा सुविधाहरु न्यूनतम शुल्क तथा दस्तुरमा उपलब्ध गराई गाउँपालिकाको आन्तरिक आयमा वृद्धि ल्याउनु ।

ख) रणनीति

१. गैरकर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा गर्ने ।
२. गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान एवं विस्तार गर्ने ।
३. सेवा शुल्क, दस्तुर एवं महसुललाई समयसापेक्षा र नागरिकमैत्री वनाउने ।

ग) कार्यनीतिहरु

रणनीति १ को गैरकर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा अन्तर्गतका कार्यनीतिहरु

१. प्राकृतिक श्रोतहरु ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा आदिको उपयोग सम्वन्धी निश्चित मापदण्ड निर्धारण गर्दै कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
२. स्थानीय व्यवसायिक तथा गैर सरकारी एवं सामुदायिक संघ संस्थाहरुको दर्ता, नवीकरण, अनुमति, इजाजत सम्वन्धी कार्यविधि तयार पारी कार्यान्वयनमा ल्याइनेछ ।
३. सरकारी एवं ऐलानी जग्गा उपयोग सम्वन्धी कार्यविधि तर्जुमा गरिनेछ ।
४. स्थानीय पर्यटक क्षेत्र प्रवर्द्धन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि कार्यान्वयनमा ल्याइनेछ ।
५. पालिका भवन निर्माण मापदण्ड सहित नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

रणनीति २ को गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान एवं विस्तार अन्तर्गतका कार्यनीतिहरु

१. राजस्वका आधार क्षेत्र पहिचान तथा विस्तारका लागि अध्ययन अनुसन्धान गरिनेछ ।
२. पालिका क्षेत्रभित्रको प्राकृतिक श्रोतहरु ढुङ्गा, गिट्टी, वालुवा संकलनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (आइइ) गर्ने । सोका आधारमा ठेक्का प्रक्रियाद्धारा ढुङ्गा, गिट्टी, वालुवा संकलन एवं विक्री गर्दै नियमित रुपमा सो कार्यको अनुगमन गरिनेछ ।
३. स्थानीय व्यवसायिक, गैरसरकारी एवं सामुदायिक संघ संस्थाहरु सञ्चालन अघि अनिवार्य रुपमा अनुमति तथा इजाजत लिनुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।
४. स्थानीय पर्यटकीय क्षेत्रहरु पहिचान, अत्यावश्यक पूर्वाधार एवं सेवा सुविधाको व्यवस्था गरी आन्तरिक एवं वाह्य पर्यटकहरुको प्रवेशमा न्यूनतम शुल्क निर्धारण गरिनेछ ।
५. शहरीकरण संगसंगै निजीक्षेत्रसंगको सहकार्यमा फोहरमैला व्यवस्थित गर्न ठेक्का प्रक्रिया अवलम्वन गरिनेछ।

रणनीति ३ को सेवा शुल्क, दस्तुर एवं महसुललाई समयसापेक्षा र नागरिकमैत्री वनाउने अन्तर्गतका कार्यनीतिहरु

१. सेवा सुविधाहरुको शुल्क, दस्तुर न्यूनतम निर्धारण गर्ने र परिमार्जन गरिनेछ ।
२. स्थानीय व्यवसायिक, गैर सरकारी तथा सामुदायिक संघ संस्थाका लागि दर्ता शुल्क, नवीकरण, अनुमति एवं इजाजत शुल्क, दस्तुर अलग अलग निर्धारण गरिनेछ ।

३. भौगोलिक अवस्थिति र आर्थिक सामाजिक रुपमा अति विपन्न तथा लक्षित वर्गका आधारमा सेवा शुल्क, दस्तुरहरुमा छूट व्यवस्था गरिनेछ ।

४. एकै प्रकृतिको कार्य नियमित रुपमा सेवा लिनुपर्ने करदाताहरुको पहिचान गरी आवश्यक नियम वनाई सेवा शुल्क तथा दस्तुरमा छूटको व्यवस्था गरिनेछ ।

घ) कर राजस्व सुधार कार्ययोजना

तालिका नम्वर १२ राजस्व सुधार कार्ययोजना : गैरकर राजस्व			
क.सं.	**सुधारका लागि गर्नुपर्ने कार्यहरू**	**समयावधि**	**जिम्मोवारी**
क)	**प्राकृतिक श्रोत उपयोग**		
१	प्राकृतिक श्रोत उपयोग (ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य पदार्थ) को बिक्री व्यवस्था गर्ने	२०७९ कार्तिक मसान्त सम्म	राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत
२	सम्भाव्य स्थलहरुको आइइ परिक्षण गर्ने र सो अनुशारको परिमाण एकिन गर्ने	२०७९ साउन मसान्त सम्म	प्राविधिक शाखा र प्रशासकीय अधिकृत
३	संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खननन्हुने कार्य सुनिश्चित गर्ने	२०७९ साउन देखि नियमित	राजस्व परामर्श समिति गाउँ कार्यपालिका
ख)	**नक्सापास दस्तुर**		
१	पुराना घरको अभिलेखीकरण/अद्यावधिकरण तथा नयाँ घरको नक्सा पास अनिवार्य गर्ने सम्बन्धमा जनचेतनामूलक कार्यक्रम गर्ने । नक्सापास नगरी घर निर्माण गर्दा हुनसक्ने क्षति तथा अन्य जोखिम सम्बन्धमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने	२०७९ साउन देखि नियमित	प्राविधिक शाखा, वडा कार्यालयहरु र गाउँ कार्यपालिका
२	नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने	२०७९ साउन देखि नियमित	राजस्व उपशाखा वडा कार्यालयहरु
३	घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकूल परिमार्जन गर्दै जाने	२०७९ साउन देखि नियमित	प्रमुख प्रशासकीय अधिकृत, प्राविधिक शाखा र वडा कार्यालयहरु
ग)	**बहाल विटौरी शुल्क**		
१	वहाल विटौरी शुल्क कार्यविधि तर्जुमागर्ने	२०७९ कार्तिक सम्म	राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत
२	सरकारी, पर्ति र ऐलानी जग्गाको पहिचान गरी सो को उपयोग गर्नेको अभिलेख अद्यावधिक गर्ने	२०७९ मंसिर मसान्त सम्म	राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत
घ)	**सेवा शुल्क, दस्तुर तथा विविध आय**		
१	व्यवसाय दर्ता तथा अनुमतिका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने	२०७९ साउन मसान्त सम्म	प्रमुख प्रशासकीय अधिकृत
२	सिफारिस वा प्रमाणित प्रमाणपत्र चलानी	२०७९ साउन देखि	वडा सचिव

तालिका नम्वर १२ राजस्व सुधार कार्ययोजना : गैरकर राजस्व			
क.सं.	**सुधारका लागि गर्नुपर्ने कार्यहरू**	**समयावधि**	**जिम्मोवारी**
	गर्नुपुर्व दस्तुर संकलन गरेको एकीन गर्ने । वडावाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने		
३	विभिन्न किसिमका शुल्क तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दरमा आवश्यक परिमार्जन गर्ने	२०७९ साउन मसान्त सम्म	राजस्व परामर्श समिति, गाउँसभा
ङ)	**दीर्घकालीन आय स्रोतको पहिचान तथा सम्भाव्यता**		
१	पालिकालाई दीर्घकालीन आय हुन सक्ने सम्भाव्य क्षेत्रहरूको पहिचान गर्ने - हाट बजार संचालन - उद्यमशिलता विकास - औद्योगिक ग्राम - ल्याण्ड फिल्ड साईट आदी	२०७९ साउन मसान्त सम्म	गाउँ कार्यपालिका
२	पालिका क्षेत्रभित्र पर्यटकीय पूर्वाधार बिकास सहित होमस्टे, रिसोर्टलाई व्यवस्थित गर्न निजी क्षेत्रसंग सहकार्य गर्ने	२०७९ साउन देखि नियमित	राजस्व उपशाखा, प्रमुख प्रशासकीय अधिकृत, गाउँ कार्यपालिका
३	व्यापारिक कम्प्लेक्स, हाटवजार, उद्यान पार्क, वसपार्क, प्राविधिक शिक्षालय, अस्पताल, फोहोर संकलन केन्द्र, सार्वजनिक शौचालय जस्ता भौतिक पूर्वाधार बिकासमा सार्वजनिक निजी साझेदारी मोडेलमा निर्माण, संचालन तथा हस्तान्तरण, लिज, सेवा करार, व्यवस्थापन करार जस्ता बिधि पद्धति मार्फत राजश्व सुधार कार्यक्रम संचालन गर्ने	२०७९ साउन देखि नियमित	राजस्व उपशाखा, प्रमुख प्रशासकीय अधिकृत, गाउँ कार्यपालिका

५.३ राजस्व प्रशासन सुधार योजना तर्जुमा

यस अन्तर्गत पालिकाको राजस्व नीति, कार्यक्रम, संगठनात्मक संरचना, प्रशासनिक संयन्त्र, जनशक्ति विकास तथा व्यवस्था एवं प्रविधिको प्रयोग जस्ता पक्षहरु रहेका छन् । उपरोक्त कार्यका लागि पालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ ।

क) उद्देश्य :

पालिकाको राजस्व प्रशासनलाई सक्षम, सवल, प्रभावकारी, पारदर्शि एवं प्रविधियुक्त वनाउनु ।

ख) रणनीति

१. पालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित नीति कार्यक्रम तय गर्ने ।
२. राजस्व परिचालनका लागि राजस्व प्रशासन छरितो, प्रभावकारी र पारदर्शि वनाउने ।
३. राजस्व प्रशासनलाई प्रविधियुक्त वनाउने ।

ग) कार्यनीतिहरु

रणनीति १ को पालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित नीति कार्यक्रम तयगर्ने अन्तर्गका कार्यनीतिहरु

१. राजस्व सुधार एवं परिचालनका लागि गाउँपालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित मध्यकालीन नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

२. मध्यकालीन नीतिका आधारमा वार्षिक कार्यक्रम तयार पारी कार्यान्वयनमा ल्याइने छ ।

रणनीति २ को राजस्व परिचालनका लागि राजस्व प्रशासन छरितो, प्रभावकारी र पारदर्शि अन्तर्गतका कार्यनीतिहरु

१. प्रमुख प्रशासकीय अधिकृतलाई सिधै रिपोटिङ् गर्ने गरी कार्यपालिका अन्तर्गत राजस्व शाखा स्थापना गरिनेछ । शाखामा शाखा अधिकृत, प्राविधिक कर्मचारी (आइटी) सहित आवश्यक कर्मचारी कार्यपालिका व्यवस्था गरिनेछ ।

२. वडा कार्यालयवाट राजस्व सङकलन गर्ने अलगै इकाइ स्थापना गरी आवश्यक कर्मचारीको व्यवस्था मिलाइनेछ ।

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार राजस्व परामर्श समितिलाई क्रियाशील वनाइनेछ ।

४. नागरिकहरुको अचल सम्पत्ति मूल्याङ्कनका लागि प्राविधिकहरु समेत रहने गरी पालिका स्तरीय सम्पत्ति मूल्याङ्कन समिति गठन गरिनेछ ।

५. पालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

६. राजस्व प्रशासनका विधि प्रक्रिया, ऐन, नियम तथा कार्यविधि एवं नीति कार्यक्रम वारे जनप्रतिनिधि एवं करदाताहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

७. सम्भावित करदाता, स्थानीय समुदायलाई कर सम्वन्धी कर शिक्षा, सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

८. पालिकाको आय व्यय विवरण अद्यावधिक गर्दै वेवसाइडमा अपलोड गरिनेछ ।

९. भूमिकर, सम्पत्तिकर, व्यवसाय कर लगायतका करहरु संकलनका लागि एकद्धार कर संकलन प्रणाली अवलम्वन गरिनेछ ।

रणनीति ३ को राजस्व प्रशासनलाई प्रविधियुक्त वनाउने अन्तर्गतका कार्यनीतिहरु

१. वडा कार्यालयहरु सहित कार्यपालिकामा तिव्रगतिको इण्टरनेट जडान गरिनेछ ।

२. राजस्व शाखा र वडा कार्यालय वीच कम्प्युटर सञ्जाल स्थापना गरी राजस्व सङ्कलनलाई व्यवस्थित पारिनेछ ।

३. वित्तीय संस्थाहरुसंग सहकार्य गरी वैकिङ्ग प्रक्रिया मार्फत राजस्व सङ्कलन गर्ने र कम्प्युटर प्रिण्टेड विजक जारी गरिनेछ ।

४. राजस्व सम्वन्धी कार्यका लागि अनलाइन सेवा प्रदान गरिनेछ ।

५. मोवाइल एप्सको विकास गरी राजस्व सम्वन्धी जानकारी करदाताहरुलाई गराइने छ

घ) कर राजस्व सुधार कार्ययोजना

तालिका नम्वर १३ राजस्व सुधार कार्ययोजना : राजस्व प्रशासन			
क.सं.	**सुधारका लागि गर्नुपर्ने कार्यहरू**	**समयावधि**	**जिम्मोवारी**
क)	सांगठनिक स्वरुप तथा संस्थागत क्षमता		
१	राजस्व उपशाखामा राजस्व सम्बन्धी सम्पुर्ण दस्तावेज	नियमित	राजस्व उपशाखा

	तथा तथ्यांकको अभिलेख राख्ने		
२	राजस्व उपशाखामा कर्मचारीको व्यवस्था गर्ने	२०७९ असोज मसान्त सम्म	गाउँ कार्यपालिका
३	राजस्व प्रशासनका कर्मचारी (वडा सचिव समेत)लाई क्षमता तालिम व्यवस्था गर्ने	२०७९ मंसिर सम्म	प्रमुम प्रशासकीय अधिकृत
४	राजस्व असुलीमा प्रायोग भएको सफ्टवेयरमा आवश्यक परिमार्जन गर्ने	२०७ कार्तिक मसान्त सम्म	प्रमुख प्रशासकीय अधिकृत, राजस्व उपशाखा
५	वडा सचिवहरुको बैठक नियमित (कम्तिमा त्रैमासिक) राखी राजस्व असुलीको अवस्था, भोगेका समस्या तथा एकरुपता ल्याउन छलफल गर्ने	त्रैमासिक	प्रमुख प्रशासकीय अधिकृत, राजस्व उपशाखा
ख)	कानूनी तथा नीतिगत व्यवस्था		
१	आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने	२०८० जेष्ठ मसान्त सम्म	राजस्व परामर्श समिति गाउँसभा
२	राजस्व नीति सामर्थ्यमा आधारित तथा करदातामैत्री बनाउने	२०७९ साउन	गाउँकार्यपालिका
ग)	समन्वय, अनुगमन र समीक्षा		
१	राजस्व संग सम्बन्धित सरोकारवालाहरु संग नियमित समन्वय तथा छलफल गर्ने	अर्ध वार्षिक	राजस्व उपशाखा
२	स्थानीय राजस्व परामर्श समितिको बैठक नियमित बसी राजस्व संकलन प्रगतिको समीक्षा गरी सुधारका कदम चाल्ने	त्रैमासिक	राजस्व उपशाखा
घ)	राजस्व सुधार कार्ययोजना कार्यान्वयन गर्ने		
१	कार्ययोजनामा उल्लेख भएका कृयाकलापहरुको कार्यान्वयन गर्ने । कृयाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्न आवश्यक बजेटको व्यवस्था गर्ने	२०७९ साउन देखि नियमित	राजस्व उपशाखा प्रमुख प्रशासकीय अधिकृत
२	आवधिक रुपमा अनुगमन तथा मुल्यांकन गर्ने । कृयाकलापहरुमा आवश्यक परिमार्जन गर्दै जान	२०७९ साउन देखि नियमित	राजस्व उपशाखा प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद - छ :
त्रिवर्षीय राजस्व प्रक्षेपण

राजस्व प्रक्षेपण

गाउँपालिकाको आगामी आर्थिक वर्षहरु २०७९/८० देखि २०८१/८२) का लागि राजस्व प्रक्षेपण गरिएको छ। राजस्व प्रक्षेपण राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको हो । आय प्रक्षेपण गर्दा भविष्यमा आयका आधारको दायरा तथा दर बढ्न गई सोबाट हुनसक्ने योगदानलाई समेत मध्यनजर गरिएको छ। त्यसैगरी केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ। आय प्रक्षेपणका आधारहरुलाई शिर्षकगत रुपमा तल व्याख्या गरिएको छ।

६.१ त्रिवर्षीय राजस्व प्रक्षेपण

क) आन्तरिक आयको प्रक्षेपण : आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण निम्न अनुसार छ।

तालिका नम्वर १४ त्रिवर्षीय राजस्व प्रक्षेपण : आन्तरिक आय					
क्र.सं.	आय शिर्षक	आर्थिक वर्ष			
क)	कर राजस्व	आधार वर्ष २०७७/७८	२०७९/८०	२०८०/८१	२०८१/८२
१	मालपोत वा भूमिकर	७४९३३३	८६१७३२.९५	९९०९९२.८९	११३९६४१.८३
२	सम्पत्तिकर	१९७६६९	२२७३१९.३५	२६१४१७.२५	३००६२९.८४
३	घरजग्गा बहाल कर	३३९२७८	३९०१६९.७	४४८६९५.१६	५१५९९९.४३
	जम्मा कर राजस्व	**१२८६२८०**	**१४७९२२२**	**१७०११०५.३०**	**१९५६२७१.१०**
ख)	**गैरकर राजस्व**				
५	अन्य सेवा शुल्क तथा विक्रि	९२८८१४	१,०६८,१३६	१,२२८,३५७	१,४१२,६१०
६	दर्ता तथा नविकरण दस्तुर	३०१०३६	३४६,१९१	३९८,१२०	४५७,८३८
७	नक्सापास दस्तुर	८१९१८३	९४२,०६०	१,०८३,३७०	१,२४५,८७५
८	सिफारिस तथा बक्सौनी दस्तुर	२४४३६१३	२,८१०,१५५	३,२३१,६७८	३,७१६,४३०
९	व्यक्तिगत घटना दस्तुर	१५५२५०	१७८,५३८	२०५,३१८	२३६,११६
१०	अन्य राजश्व	९६२८७१५.१५	११,०७३,०२२	१२,७३३,९७६	१४,६४४,०७२
	जम्मा : गैरकर राजस्व	**१४२७६६११.१५**	**१६,४१८,१०२**	**१८,८८०,८१९**	**२१,७१२,९४१**
	कूल आन्तरिक आय	**१५५६२८९१.१५**	**१७८९७३२४**	**२०५८१९२४.३**	**२३६६९२१२.१**

ख) वाह्य श्रोतको अनुमान :

तालिका नम्वर १५ त्रिवर्षीय राजस्व प्रक्षेपण : वाह्य श्रोत					
क्रसं.	श्रोत	आर्थिक वर्ष			
		आधार वर्ष २०७७/७८	२०७९/८०	२०८०/८१	२०८१/८२
१	संघ : शशर्त	२६४४६७१०५	२७७६९०४६०.२५	२९१५७४९८३.२६	३०६१५३७३२.४३
२	संघ : समानीकरण	९४००००००	९८७०००००	१०३६३५०००	१०८८१६७५०
३	संघ : अन्य नगद	१३२६१४६	१३९२४५३.३०	१४६२०७५.९७	१५३५१७९.७६
४	संघ : समपुरक	३५१५९९२९	३६९१७९२५.४५	३८७६३८२१.७२	४०७०२०१२.८१
५	संघ : विशेष अनुदान	१३३०००००	१३९६५०००	१४६६३२५०	१५३९६४१२.५०
६	प्रदेश : शशर्त	३००००००	३१५००००	३३०७५००	३४७२८७५
७	प्रदेश : समानीकरण	१२१६७०००	१२७७५३५०	१३४१४११७.५०	१४०८४८२३.३८
८	प्रदेश : समपुरक	१२५१३०००	१३१३८६५०	१३७९५५८२.५०	१४४८५३६१.६३
९	राजश्व बाँडफाँड भई प्राप्त हुने मुल्य अभिवृद्धि कर	७५८००३३८.४०	७९५९०३५५.३२	८३५६९८७३.०९	८७७४८३६६.७४
१०	राजश्व बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर	५१०९३८६	५३६४८५५.३०	५६३३०९८.०७	५९१४७५२.९७
	जम्मा : वाह्य श्रोत	**५१६८४२९०४.४**	**५४२६८५०४९.६**	**५६९८१९३०२**	**५९८३१०२६७**

ग) आन्तरिक आय र वाह्य आय संक्षिप्त प्रक्षेपण :

तालिका नम्वर १६ त्रिवर्षीय राजस्व प्रक्षेपण : आन्तरिक र वाह्य श्रोत				
विवरण	आधार वर्ष ०७७/७८	२०७९/८०	२०८०/८१	२०८१/८२
जम्मा आन्तरिक आय	१५५६२८९१.१५	१७८९७३२४	२०५८१९२४.३	२३६६९२१२.१
जम्मा : वाह्य श्रोत	५१६८४२९०४.४	५४२६८५०४९.६	५६९८१९३०२	५९८३१०२६७
कूल : आन्तरिक र वाह्य	**५३२४०५७९५.६**	**५६०५८२३७३.६**	**५९०४०१२२६.३**	**६२१९७९४७९**

परिच्छेद -सात
राजस्व सुधार कार्ययोजना तर्जुमाका अपेक्षित नतिजाहरू

राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चातका अपेक्षित नतिजाहरु यसप्रकार रहेको छ :

- राजस्व अभिवृद्धिका लागि संभावनाहरुको खोजी हुने, पहिचान भई संभाव्यता अध्ययन हुने
- राजस्व परिचालनका लागि आवश्यक नीति, कार्यक्रम, ऐन, कार्यविधि, निर्देशिका तथा कानूनी व्यवस्था भएको हुने
- राजस्व शाखामा आवश्यक जनशक्तिहरुको व्यवस्था भई राजस्व प्रशासन प्रभावकारी ढंगवाट परिचालन जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकास भएको हुने
- भएको हुने
- राजस्व परामर्श समितिको क्षमता अभिवृद्धि भई राजस्व प्रशासन संचालनमा उल्लेख्य मार्गनिर्देश हुने
- सरोकारवाला निकाय, समुदाय, निजी क्षेत्रहरुसंग राजस्व अभिवृद्धि एवं राजस्व प्रशासन संचालनमा हातेमालो भएको हुने
- संकलित राजस्वहरु पालिकाको आन्तरिक आय वृद्धि हुने क्षेत्रहरुमा परिचालन भएको हुने
- राजस्व संकलनका लागि अनलाइन तथा डिजिटल प्रणालीहरु अवलम्वन क्रमिक रुपमा भएको हुने
- करदाताहरुको अभिलेख अद्यावधिक भई करतिर्ने र नतिर्ने करदाताहरु पहिचान भएको हुने
- पालिकाका निर्वाचित प्रतिनिधिहरु तथा कर्मचारीहरुले राजस्व सुधार कार्ययोजना तर्जुमा गर्नुपर्ने आवश्यकता, यसको महत्व र कार्ययोजना तर्जुमा सम्वन्धी कृयाकलापहरुको बारेमा जानकारी प्राप्त भएको हुने
- पालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गरी आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजश्व प्रक्षेपणलाई यथार्थपरक र बैज्ञानिक बनाई वजेट तर्जुमा प्रकृयालाई थप व्यबस्थित गर्न सहयोग पुगेको हुने
- राजस्व सुधार कार्ययोजना तर्जुमा पश्चात सरोकारावालाहरुको बुझाईमा एकरुपता आएको हुने र सोही अनुसार करका दररेटमा परिमार्जन भएको हुनेछ ।
- पालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा भई सोको कार्यान्वयनबाट पालिकाको आन्तरिक स्रोतमा बृद्धि भएको हुने
- राजस्व सुधार कार्ययोजना तर्जुमा पश्चात वास्तविक आन्तरिक आयको क्षेत्र पहिचान, अधिकार र करका दर दायरा विस्तारमा सुधा आएको हुने

परिच्छेद - आठ :
कार्यान्वयन तथा अनुगमन र मूल्यांकन

८.१ कार्ययोजनाको कार्यान्वयन

सहभागितात्मक पद्दति अपनाई तर्जुमा गरिएको यस राजस्व सुधार कार्ययोजना कार्यान्वयनको लागि पालिकाले राजस्व सुधारसंग सम्बन्धित नीति, रणनीति, उद्देश्य अनुरुप माथि कार्ययोजना खण्डमा उल्लेख गरिएका कार्यक्रम तथा क्रियाकलापहरुको लागि आवश्यक खर्चलाई बिनियोजन वजेटमा समावेश गरी कार्यान्वयन गर्न आवश्यक छ । कार्ययोजनामा उल्लेख भएका कार्यक्रम तथा क्रियाकलापहरु सम्पादन हुन नसकेमा त्यसले प्रक्षेपण गरिए बमोजिम आय सङ्कलनमा प्रभाव पार्न सक्दछ । यसका अतिरिक्त राजस्व सुधार कार्ययोजनाका निश्चित कार्य गर्न अन्य सहयोगी निकाय तथा परियोजनाहरुवाट पनि सहयोग लिन सकिन्छ ।

पालिकालाई प्राप्त राजस्व अधिकारहरु मध्ये कतिपय अधिकारहरु विगतको तुलनामा निकै फरक भएकाले राजस्व ब्यवस्थापनलाई त्यस अनुरुप सुधार गर्नुपर्ने देखिन्छ । तसर्थ राजस्व सुधार कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरुलाई पनि प्राथमिकीकरण गरी कार्यान्वयन गर्नु आवश्यक छ ।

८.२ कार्ययोजनाको अनुगमन तथा मुल्याङ्कन

स्थानीय सरकार सञ्चालन ऐनको ब्यवस्था अनुसार गठन भएको राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी अन्तरिक आम्दानीका स्रोतहरु अनुमान गर्ने र स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिलाई आय अनुमान गर्ने कार्यमा यो राजस्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । यो राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कनको लागि निम्न चार तहको अनुगमन तथा मूल्याङ्कन ब्यवस्था सिफारिस गरिएको छ ।

(क) कार्यालय स्तरको अनुगमन

यो स्तरको अनुगमन तथा मूल्याङ्कनको लागि प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा / उप शाखा तथा अन्य सम्बन्धित शाखाका प्रतिनिधिहरुलाई जिम्मेवार बनाउनु पर्दछ । स्थानीय सरकारले कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्ने तर्फ आवश्यक कार्यगत निर्णयहरु गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

(ख) राजस्व परामर्श समितिवाट अनुगमन तथा मूल्याङ्कन

राजस्व परामर्श समितिले चौमासिक रुपमा राजस्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय सङ्कलनको अवस्थाको नियमिति अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक बर्षको लागि आयको अनुमान गर्ने कार्य पूर्व भएका गरेका कार्यको मूल्याङ्कन गरी स्रोत, दर तथा दायरामा सुधारको लागि कृयाकलाप सिफारिस गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु उपयुक्त हुन्छ । यसका अतिरिक्त आर्थिक बर्षको समाप्ती पश्चात राजस्व सुधार योजनाको समिक्षा गरिनु आवश्यक छ ।

(ग) कार्यपालिकावाट अनुगमन तथा मूल्याङ्कन

कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिबाट प्रस्तुत गरेका सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ । छलफलको क्रममा राजस्व सुधार कार्ययोजना तथा आय असुली अवस्थाको समीक्षा गरी आवश्यकताको आधारमा नीतिगत तथा कार्यगत निर्णय लिनु आवश्यक छ ।

(घ) वाह्य अनुगमन तथा मूल्याङ्कन

राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजीकरण गर्ने चाहने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरु आदिले अनुगमनको लागि सहयोग प्रदान गर्न सक्नेछन् । यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय सरकारको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ । राजस्व प्रशासनसंग सम्बन्धित तथ्याङ्क बाहेक योजना कार्यान्वयन प्रकृयाको अनुगमन तथा करदाताहरुको भावना तथा बिचार सङ्कलन पनि अनुगमनको मुख्य विधि बनाउन सकिन्छ ।

अनुसुचीहरु

अनुसुची-१ सुचना संकलन फाराम

राजस्व सुधार कार्य योजना तयारीका लागि सूचना संकलन फाराम

पालिकाको नामः **राजस्व शाखा प्रमुखको नामः**

नोटः सबै रकम रु हजारमा भरिदिनुहोला ।

१. पालिकालाई प्राप्त आन्तरिक राजस्व अधिकार र परिचालनको अवस्थाः

आय शीर्षकहरू	सम्भावना (भएको/नभएको)	बैठकबाट दर निर्धारण (भएको/नभएको)	पालिकाबाट संकलन (भएको/नभएको)
क) कर राजस्व			
● सम्पत्तिमा आधारित कर –मालपोत वा भूमिकर			
● सम्पत्तिमा आधारित कर – सम्पत्तिकर			
● व्यवसाय कर			
● सवारी कर			
● घरजग्गा बहाल कर			
● विज्ञापन कर			
● मनोरञ्जन कर			
(ख) गैर कर राजश्व			
● सवारी पार्किङ्ग शुल्क			
● खानेपानी महशुल			
● विद्युत महसुल			
● वहाल विटौरी शुल्क			
● पर्यटन सेवा शुल्क			
● फोहरमैला व्यवस्थपन शुल्क			
● प्राकृतिक स्रोतः ढुङ्गा, गिटि, बालुवा, माटो, दहत्तर बहत्तर बिक्रि			
● ढल निकास सेवा शुल्क			
● सार्वजनिक शौचालय सेवा शुल्क			
● हाटवजार सेवा शुल्क			
● पशु वधशाला सेवा शुल्क			
● सार्वजनिक संरचना मर्मत सम्भार शुल्क			
● सडक बत्ती सेवा शुल्क			
● अतिथि गृह सेवा शुल्क			
● अचल सम्पत्ति मूल्यांकन शुल्क			
● दर्ता तथा नविकरण दस्तुर			

आय शीर्षकहरू	सम्भावना (भएको/नभएको)	बैठकबाट दर निर्धारण (भएको/नभएको)	पालिकाबाट संकलन (भएको/नभएको)
● नक्सापास दस्तुर			
● सिफारिस तथा बक्सौनी दस्तुर			
● नाता प्रमाणित दस्तुर			
● अन्य प्रमाणित दस्तुर			
● लिलाम विक्री			
● सार्वजनिक निजी साझदारी			
● अन्य स्रोत परिचालन (नक्सा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्वर आदि)			
● साँवा, ब्याज, लाभांस र वोनस			
● भाडा तथा वहाल			
● मेसिन तथा औजार भाडा			
● सभागृह भाडा			
● ताल, पोखरी तथा जग्गा भाडा			

१.१ पालिकाले माथि उल्लेखित बाहेक कुनै थप आन्तरिक राजस्व उठाएको भएमा सो को विवरण :

क.

ख.

ग.

२. पालिकाले आन्तरिक आय उठाउन सक्ने तर हाल सम्म नउठाएका आय शिर्षकहरु तथा सो को परिचालन गर्ने उपाय

सम्भाव्य भए पनि हालसम्म नउठाएका आय शिर्षकहरु	लागु नहुनुको कारण	परिचालन गर्ने उपाय

३. राजस्व परिचालन सम्बन्धी नीतिगत व्यवस्थाः

नीति निर्धारणका क्षेत्रहरु	हालको अवस्था	नीतिगत सुधारको लागि के गर्नु पर्ला ?

संगठनात्मक ब्यवस्था		
राजस्व शाखाको ब्यवस्था संगठन संरचनामा छ छैन ?		
राजस्व शाखामा कुन तहका कति दरवंदी छन् ?		
राजस्व शाखामा हालको पदपुर्तिको अवस्था कस्तो छ ?		
कर्मचारीको क्षमता विकासकोलागि के गरिएको छ ?		
राजस्व प्रशासन शाखाले गर्ने काम तोकिएको छ ?		
कर्मचारीहरुलाई जिम्मेवारी स्पष्ट र लिखित रुपमा दिईएको छ छैन ?		
कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको ब्यवस्था कस्तो छ ?		
राजस्व संकलन गर्न सफ्टवयरको प्रयोग छ ?		
कुन कुन शीर्षकको राजस्व संकलन वडा बाट हुन्छ ?		
सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ?, एसएमएस, इमेल, टेलिफोन आदि)		
राजस्व प्रशासन संचालन अवस्था		
करदाता अभिलेख आवश्यक पर्ने स्रोतहरु (सम्पत्ति, व्यवसाय, विज्ञापन, वहाल आदि) को करदाताहरुको अभिलेख ब्यवस्था कस्तो छ ?		
पालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरुको विवरण छ छैन ? स्थायी सम्पत्तिहरुको परिचालन कस्तो छ ?		
कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्यांकन कत्तिको सहि रुपमा भएको छ ? मूल्यांकन अनुसार कर निर्धारण भएको छ छैन ?		
राजश्व चुहावट हुन सक्ने सम्भावनाहरु के के छन् ? र तिनको नियन्त्रणकोलागि कस्तो नीति लिईएको छ ?		
कानुनी ब्यवस्थाको वर्खिलाप गरेमा दण्डको ब्यवस्था कस्तो छ ?		
समयमा राजश्व तिर्नेलाई छुट र ढीलो बुझाएमा जरीवाना लाग्ने ब्यवस्था सबै आयस्रोतहरुमा कसरी लागु गरिएको छ ?		
करदाताहरुलाई उनीहरुले तिर्नुपर्ने कर रकमबारे जानकारी गराउने ब्यवस्था के छ र कत्तिको प्रभावकारी छ ?		
पालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्नेसक्ने ब्यवस्था के कस्तो छ ?		
राजश्व शाखाको कार्य प्रकृया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगनमनको ब्यवस्था के छ ?		
राजस्व बढाउन सार्वजनिक निजी साझेदारीमा के गरिएको छ, के गर्न सकिन्छ		
सूचना तथा समन्वय		
करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? (शिक्षा मूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साईट आदि)		
करको दर निर्धारण तथा समिक्षामा सरोकारवालाहरुको सहभागीता कस्तो छ ?		
राजस्व परामर्श समितिको प्रभावकारीता कस्तो छ ?		

राजश्व असुलीमा सरोकारवालाहरु कतिको सकारात्मक रुपमा सहभागी हुन्छन्		
राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ?		
आयका स्रोतहरुको अभिलेख व्यवस्था कस्तो छ ?		
पालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन? छ भने कुन कुन समयमा ? कसरी हुन्छ ?		
आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरु कसरी संवोधन भएका छन् ?		

निष्कर्षः पालिकाले राजस्व परिचालनको अवस्थामा सुधार ल्याउन पालिका आफैले के गर्न सक्छ ?

क.

ख.

ग.

घ.

सम्भाव्यता पहिचान पछि आय संकलनमा ठुलो खाडल (GAP) देखिएका आय शिर्षकहरु	खाडल ठुलो हुनुको कारण	समाधानका उपायहरु

४. पालिकाको आय विवरण

क्र.सं.	आय शिर्षक	यथार्थ आय (आ.ब.)				
		२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९ अनुमान
१	**आन्तरिक आय**					
१.१	कर राजस्व					
	मालपोत वा भूमिकर					
	सम्पत्ति कर					
	व्यवसाय कर					
	सवारी कर					
	घरजग्गा बहाल कर					
	विज्ञापन कर					
	मनोरञ्जन कर					
१.२	**गैरकर राजस्व**					
१.२.१	सेवा शुल्क					
	सवारी पार्किङ्ग शुल्क					

क्र.सं.	आय शिर्षक	यथार्थ आय (आ.ब.)				
		२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९ अनुमान
	खानेपानी महशुल					
	विद्युत महसुल					
	टेलिफोन महसुल					
	पर्यटन सेवा शुल्क					
	फोहरमैला व्यवस्थापन शुल्क					
	ढल निकास सेवा शुल्क					
	सार्वजनिक शौचालय सेवा शुल्क					
	हाटवजार सेवा शुल्क					
	पशुवधशाला सेवा शुल्क					
	सार्वजनिक संरचना मर्मत सम्भार शुल्क					
	सडक बत्ती सेवा शुल्क					
	अतिथी गृह सेवा शुल्क					
	अचल सम्पत्ति मूल्यांकन शुल्क					
१.२.२	दस्तुर					
	दर्ता तथा नविकरण दस्तुर					
	नक्सापास दस्तुर					
	सिफारिस तथा बक्सौनी दस्तुर					
	नाता प्रमाणित दस्तुर					
	अन्य प्रमाणित दस्तुर					
१.२.३	विक्री					
	प्राकृतिक स्रोतः ढुङ्गा, गिटि, बालुवा, माटो, दहत्तर बहत्तर बिक्रि					
	चालु सम्पत्ति लिलाम विक्री					
	स्थायी सम्पत्ति विक्री					
१.२.४	स्रोत परिचालन					
	सार्वजनिक निजी साझदारी					
	अन्य स्रोत परिचालन (नक्सा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्बर आदि)					
१.२.५	साँवा, ब्याज, लाभांस र वोनस					
१.२.६	अन्य आय					

क्र.सं.	आय शिर्षक	यथार्थ आय (आ.ब.)				
		२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९ अनुमान
	भाडा तथा वहाल					
	मेसिन तथा औजार भाडा					
	सभागृह भाडा					
	ताल, पोखरी तथा जग्गा भाडा					
	दण्ड जरिवाना					
	धरौटी फिर्ता					
	पेश्की फिर्ता					
२.	**वाह्य स्रोत**					
२.१	अनुदान					
२.१.१	नेपाल सरकारबाट अनुदान					
	शशर्त अनुदान					
	समानीकरण अनुदान					
	अन्य नगद अनुदान					
	समपुरक अनुदान					
	विशेष अनुदान					
	प्रदेश सरकारबाट अनुदान					
	शशर्त अनुदान					
	समानीकरण अनुदान					
	समपुरक अनुदान					
	विशेष अनुदान					
२.१.२	राजश्व वाँडफाँड					
	संघ					
	प्रदेश					
२.१.३	अन्य अनुदान					

५. सम्भाब्यताको लागि आधारभूत तथ्यांक (प्रोफाईल भएमा प्रोफाईल बाट नभएमा जानकारहरु सँग छलफल गरी भर्ने)

१. घरको विवरण

क्र.सं.	घरको वर्गीकरण	घर संख्या	बहालमा भएको संख्या
१	कच्चीघर (कच्ची जोडाई भई कच्ची छाना भएको)		

२	कच्ची जोडाई भई ढलाई वा टिनको छाना भएको : एक तले		
३	कच्ची जोडाई भई ढलाई वा टिनको छाना भएको : दुई तले		
४	कच्ची जोडाई भई ढलाई वा टिनको छाना भएको : दुई तले भन्दा माथी		
५	पिलर सिस्टम नभएको पक्कि घर : एक तले		
६	पिलर सिस्टम नभएको पक्कि घर : दुई तले		
७	पिलर सिस्टम नभएको पक्कि घर : तीन तले		
८	पिलर सिस्टम नभएको पक्कि घर : तीन तले भन्दा माथी		
९	पिलर सिस्टम भएको पक्कि घर : एक तले		
१०	पिलर सिस्टम भएको पक्कि घर : दुई तले		
११	पिलर सिस्टम भएको पक्कि घर : तीन तले		
१२	पिलर सिस्टम भएको पक्कि घर : तीन तले भन्दा माथी		
१३	व्यापारीक तथा औद्योगिक प्रयोजनका लागि निर्मित घर *(नोटः व्यपारीक कम्पलेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजि विद्यालय तथा क्यापस आदी)*		
जम्मा			

२. जग्गाको विवरण

क.सं.	जग्गाको किसिम	क्षेत्रफल (विघा, कट्ठा)	जम्मा
१	ब्यापारिक, ब्यवसायिक(कालो पत्रे सडकले छोएको)		
	ब्यापारिक, ब्यवसायिक(ग्राभेल सडकले छोएको)		
	ब्यापारिक, ब्यवसायिक(कच्चि सडकले छोएको)		
२	कृषि (नगदे बालि हुने सडकले छोएको))		
	कृषि (नगदे बालि हुने सडकले नछोएको))		
	कृषि (परम्परागत बालि हुने सडकले छोएको))		
	कृषि (परम्परागत बालि हुने सडकले नछोएको))		
३	माथि नपरेको (कमसल)		
जम्मा			

३. पालिकाको स्वामित्वमा रहेको जग्गा जमिन वा भौतिक निर्माण

क्र.सं.	स्थान वा भौतिक निर्माण विवरण	संख्या/क्षेत्रफल	परिचालनको अवस्था
१			
२			

४. पालिकाको स्वामित्वमा रहेको सवारी साधनको विवरण

क्र.सं.	सवारी साधन	संख्या	कैफियत
१	बस,		
२	ट्रक,		
३	टिप्पर		
४	ट्याक्टर		
५	अन्य हेभी गाडी		
जम्मा			

५. पालिका / वडा क्षेत्रमा रहेका व्यापार व्यवसायको विवरण

क्र.सं.	व्यापार व्यवसायको विवरण	संख्या		कैफियत
		थोक	खुद्रा	
१	*व्यापारिक वस्तु*			

१.१	चुरोट, रक्सि, ज्वेलरी			
१.२	निर्माण सामाग्री, कम्प्युटर विधुत्त सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ			
१.३	खाद्य पदार्थ, कपडा पसल			
१.४	सवारी साधन			
२	***विशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवा***			
२.१	चिकित्सक, इन्जिनियर, कानुन व्यवसायी, लेखा परिक्षक, परामर्शदाता, बीमा एजेन्ट, सर्भेयर, अनुवादक, शेयर दलाल, सामान ढुवानीकर्ता तथा कम्पनी			
२.२	संस्थागत पेन्टर			
३	निर्माण व्यवसाय (प्रधान कार्यालय भएको)			
४	उत्पादनमूलक उद्योग			
५	उर्जामूलक उद्योग			
६	कृषि तथा वन जन्य उद्योग			
७	खनिज उद्योग			
८	पर्यटन उद्योग			
९	सेवा उद्योग			
१०	निर्माण उद्योग			
११	***संचार सेवा***			
११.१	निजी क्षेत्रको हुलाक, कुरियर, फोन, इमेल, इन्टरनेट			
११.२	छपाई तथा प्रकाशन			
१२	***बित्तीय सेवा***			
१२.१	बाणिज्य बैंक (नेपाल सरकारको पुर्ण स्वामित्व बाहेक)			
१२.२	वित्तीय कम्पनी (मुख्य कार्यालय भएको)			
१२.३	बीमा कम्पनी			
१२.४	वित्तीय कम्पनी (शाखा कार्यालय), मनि एक्सचेन्ज, शेयर कारोबार			
१२.५	सहकारी बैंक			
१३	***स्वास्थ्य सेवा***			
१३.१	गैरसरकारी अस्पताल, नर्सिङ्ग होम			
१३.२	क्लिनीक तथा ल्याव			
१४	***शिक्षा सेवा***			
१४.१	निजी क्षेत्रका स्कुल, क्याम्पस, विश्वविद्यालय			
१४.२	तालीम तथा अनुसंधान केन्द्र			
१५	***मर्मत सम्भार सेवा***			
१६	***अन्य सेवा***			
१६.१	विज्ञापन, व्यूटी पालैर, सैलुन, फोटो स्टुडियो, पेन्टर, बिक्रेता (मासु, फूल विरुवा, सिसा, प्लाईउड, भाँडाकुडाँ, खेलौना, गिप्फट), पुल हाउस			
१६.२	बैदेशिक रोजगार			
१६.३	स्वदेशिक रोजगार			
१६.४	रियस स्टेट			
१६.५	पशु बधशाला			
१६.६	स्टिल काठ फर्निचर			
१६.७	केबुल नेटवर्किङ्ग			
१७	***अन्य व्यवसाय***			

१७.१	पार्क, पिकनिक स्पट			
१७.२	टुर अपरेटर			
१७.३	माथि उल्लेखित नभएको			

६ पालिका तथा वडाको स्वामित्वमा रहेको वा सार्वजनीक स्थानमा भएको पार्किङ्ग विवरण

क्र.सं.	पार्किङ्ग क्षेत्र, स्थान	सवारी साधन	सवारी पार्किङ्ग संख्या (दैनिक)			कैफियत
			अधिकतम	न्यूनतम	औसत	
		बस, ट्रक, ट्रेक्टर				
		मिनिवस				
		कार र टेम्पो				
		अन्य				

७. पालीका तथा वडाले उपलब्ध गराउने विभिन्न सेवा विवरण

क्र.सं.	सेवाहरु	उपलब्ध गराईएको स्थान वा क्षेत्र	हालको अवस्था (आय)
१	खानेपानी		
२	फोहरमैला व्यवस्थापन		
३	सडक बत्ती		
४	ढल निकास		
५	सार्वजनीक शौचालय		
६	हाट बजार		
७	पोखरी		
८	पशु बधशाला		
९	अन्य (जात्रा मेला)		
१०	अन्य		
जम्मा			

८. पालीका भित्र रहेका पार्क तथा सम्भावित पर्यटकीय स्थलहरुको विवरण

अनुसुची-२ कार्यशाला गोष्ठिको माइन्युट



आज मिति २०७८ साल चैत पश गते मंगलबारका दिन स्थानीय तहको संगठनात्मक क्षमता विकास र राजस्व सुधार कार्ययोजना निर्माणका सम्बन्धमा सञ्चालन गरिएको अभिमुखिकरण कार्यक्रम देहाय बमोजिमको उपस्थितिमा सम्पन्न भयो।

उपस्थिति:-

- श्री विष्णु प्रसाद पोखरेल, प्र.प्र.अ, माछापुच्छ्रे गा.पा.
- श्री सिता शर्मा पौडेल, लेखा अधिकृत,
- श्री युवराज पौडेल, अधिकृत हेर्मे,
- श्री सम्झना पोखरेल, शिक्षा अधिकृत
- श्री विष्णु कुमारी रञ्जित, सहायक चौथो
- श्री शुक्रा आचार्य अधिकृत, महिला तथा बालबालिका
- श्री मनिका खुमेरी पौडेल कृषि प्राविधिक
- श्री लक्ष्मी आचार्य विपिय सामाजिक परिचालक
- श्री समुन्द्र अधिकारी उद्यम विकास अधिकृत
- श्री ज्योती पौडेल प्रशासन सहायकस्तर पाँचौं
- श्री सम्झना [illegible] प्रशासन सहायकस्तर पाँचौं
- श्री अनिता देवी [illegible]
- श्री आनन्द घिमिरे [illegible] सहायकस्तर पाँचौं
- श्री रामचन्द्र पौडेल [illegible]
- श्री नवल के.सी, [illegible] अधिकृत, माछापुच्छ्रे
- श्री युवराज अधिकारी - पशु सेवा शाखा - स.पाँचौं
- उदयबहादुर [illegible]
- डे. [illegible] खाण, [illegible]
- विश्वराज अधिकारी लेखा [illegible]
- [illegible] गौतम आ.ने.प्र [illegible]
- रमेश [illegible] विज्ञ सहायक, माछापुच्छ्रे [illegible]
- बिल्लोक्ष [illegible] (ज.[illegible])
- गोविन्द [illegible] (ज.[illegible])
- विष्णु प्रसाद अधिकारी शिक्षा [illegible]
- [illegible] [illegible]
- [illegible] लामिछाने [illegible]
- गोविन्द प्रसाद आचार्य [illegible]

सिता शर्मा पौडेल लै.अ ९८५६०६८८८४

युवराज गौतम राजस्व इन्चार्ज ९८४८८४९२८६

माछापुच्छ्रे गा.पा

अनुसुची-३ कार्यशाला गोष्ठिको झलकहरु